श्री

श्रीमते रामानुजाय नमः

श्रीमद् वरवर मुनये नमः



श्रीवानाचल महामुनये नमः

श्रीप्रतिवादी भयङ्कर स्वामीने नमः

श्रीगोवर्धन पीठाधिश रंगदेशिक स्वामीने नमः

# श्रीवैष्णवोज्जीवन सुधा

लेखकः

मुकुन्दाचार्य

जि. सर्लाही, जानकीनगर

pdf.upayogibooks.com

★ सर्वाधिकार: लेखकमा सुरक्षित

★ लेखक तथा प्रकाशक: श्री मुकुन्दचार्य (सर्लाही)

★ प्रथम संस्करण: १००० प्रति ०४९

**लेखकका अन्य कृतिहरू**

१. दिव्यदेश परिचय
२. मञ्जरी पञ्चक
३. बुद्धि विनोद प्रश्नोत्तर
४. नरीवलको फल प्रकाशोन्मुख

मूल्य: रू १५/-

---

मुद्रक: आर्यछापाखाना प्रा० लि० पशुपति

# आचार्य वैभव मद्धे श्रीशठकोप मुनि वैभव

## शठकोप मुनि वन्दे

श-वपन गरिदिने सूतिका वायुलाई । ठ-क्कर विई हटाये कृष्णको ध्यान पाई
को-छ अरू बलशाली स्तन्य पानादि त्यागने । प-र प्रभुगुणगान गर्नमा भक्ति जागने
मु-कुलि श्रुति रहस्य गर्न सक्ने विकास । नि-न फन सु रहस्य गर्दिनु भो प्रकाश
व-न्दन गरूँ सबैले दिव्य सूरी चरणको । दे-हादि सकल नाशक जानदैनो मरण त्यो



(स्वामी श्री १००८ रामानुजाचार्य)

# प्राक्कथन

श्रीवैंष्णवोज्जीवन सुधा "नामक ग्रन्थ मैले मनोमानी लिखेको होइन । २५ औं गद्यस्थ श्रीकलिहन तोताद्रि स्वामीज्यूका अंतरंगभै सेवा गर्ने नेपालदेश धादिङ जिल्ला मा जन्मनुभै अयोध्या स्वर्गद्वारी घाट तोताद्रिमठ निर्माता श्रीअनन्ताचार्य स्वामीज्यूसंग केहिदिन संगत भएको हुँदा वहाँबाट नै केहि रहस्यज्ञान प्राप्त भएकोले यो ग्रन्थ लेख्न हिम्मत आयो र लेख्न प्रारंभ गरेको हुँ । जसमा अस्मद् गुरूभ्यो नमः श्रीमते रामानुजाय नमः आदिको प्रश्नोत्तरीय शंका समाधान गरिएको छ । तर यस विषयमा विभिन्न विद्वानहरूको विभिन्न विचार भएकोले र श्रीअन्नताचार्य स्वामीज्यू परमपद भै बक्सेकोले प्रकाशन गर्ने चिन्ताग्रस्तभै स्थगित रह्यो । हाम्रो गुरू परंपरा द्रविड देशमा जन्म भै आएको हुँदा द्रविडस्थ गुरूबाट नै निश्चय होला भन्ने संकना आयो । सोको लागि तोताद्रि

दुर्वलताले गर्दा हिम्मत आएन । पत्र व्यवहारबाट पनि निश्चय होला जस्तो नलागेकोले बृन्दावन गोवर्धन पीठा-

धीश (श्री रंगाचार्य) बालक स्वामीज्यूको स्मरण आयो र श्रीचरणमा उपस्थित भै "अस्मद्गुरूभ्यो नमः आदि ३ वाक्यको जिज्ञाशा निवेदन गरें । श्रीस्वामीज्यूबाट सोविषयमा "अस्मद्देशिकं · · · · · परमाचार्यान् · · · श्लोक र श्रीरामानुज स्वामीको परमगुरू श्रीयामुनमुनि स्वामीभन्ने श्रीवाक्य पाइयो र श्री परकाल सुरीले कुनै नारीबाट एक सुवर्ण पात्रखोस्दा "अस्मद्गुरूभ्यो नमः भनी बोलेको शब्द सुनी सोपात्र छोड्नु भएकोले गुरूपरंपरा को आदि छैन भन्ने मर्जी हुँदै अर्थ रहस्य पनि तोताद्रि मठीय शिष्यहरूमा पुनः गद्यस्यहरूबाट पञ्च संस्कारलिने प्रथा छ भनी केहि बेर अनुसन्धान गरे पश्चात् यो प्रश्नको उत्तर गंभीर छ भनी बक्सिएकोले यो लेख टक्रयाउने मौका पाएँ । सोमौकामा स्वामी श्रीकृष्ण ज्ञवाली स्वामीजीका साथै हुनु भएकोले यो लेखको शब्दावाद पूर्वक छलफल गरी श्रीस्वामीज्यूबाट ठीक छ भनी सहर्ष समर्थन गरी ग्रन्थ प्रकाशनको लागि मंगलानुशासन पत्र समेत कृपा भएको हुँदा श्रीवैष्णव समाजको लागि अवश्य पनि यो ग्रन्थ उपयोगी हुनेछ भन्ने आशा प्रकट गर्दै प्रकाशन गर्ने जमर्को गरेको छु ।

! अस्तु !

लेखक

pdf.upayogibooks.com

श्रीमते रङ्गदेशिकाय नमः
श्रीमते रामानुजाय नमः

# ।श्रीगोदारंगमन्नार परब्रह्मणे नमः।

प्रिय भगवद्बन्धुवर्ग !

हजूरहरूको समक्षमा यो विज्ञापन गरिन्छ कि- हाम्रो सम्प्रदाय अति प्राचीन छ र यसमा गुरूपरम्पराको अनुसन्धानक्रम पूर्वाचार्यहरू देखि नै आनुपूर्वीरूपले चलि आएको छ । महत्तर श्रीभाष्यादि ग्रन्थहरूको पाठ-प्रवचनमा पनि गुरूपरम्पराको प्रपथमा खडा रहेर अनुसन्धान गर्ने क्रम शिष्टाचार सिद्ध छ । वेदपुरूषले पनि "आचार्यवंशो ज्ञेयः" भनेर आचार्यपरम्परालाई जान्नु भनी प्रेरणा दिएका छन् । अष्टादशरहस्यका निर्माता श्रीपिल्लै लोकाचार्यस्वामीजीले श्रीवचनभूषणको तृतीयप्रकरणको प्रपन्न दिनचर्या २७ सौं सूत्रमा "वक्तव्यो आचार्यवैभव जप्तव्यं गुरूपरम्परा द्वयं च" यो वाक्य द्वारा आचार्यहरूको वैभव र उहाँहरूको परम्परालाई अवश्य कीर्तन गर्नु भनेर स्पष्ट उल्लेख गरिबक्सिएको छ । यसबाट यहि निष्कर्ष हुन्छ कि गुरूपरम्पराको स्थान सर्वमान्य रहेछ । उक्त गुरूपरम्पराको

बिषयमा विविध भाषाहरूमा अद्भुत विषयहरू सदाचार्य-हरू द्वारा विवेचन गरिएका छन् । द्रविडभाषामा गुरू-परम्पराप्रभाव" एवं संस्कृतमा प्रपन्नामृत," दिव्यसूरि-चरित्र" इत्यादि । उक्त ग्रन्थहरू सर्वसाधरण भक्तहरूको लागि दुरवगाह भएकोले अनायास नै सूक्ष्मरूपमा स्वरूप बोध गराउनको लागि नेपालदेशवास्तव्य श्रीमान् पं. मुकुन्दाचार्य काफ्लेज्यूले यो **"श्रीवैष्णवोज्जीवनसुधा"** नामक लघु पुस्तक सरल नेपाली भाषामा रचिवक्सेको रहेछ । आचार्यपरम्परामा दृढ विश्वास राख्ने नेपाली श्रीवैष्णवहरूको लागि यो लघुपुस्तक अत्यन्त नै उपकारी रहने छ भन्ने पूर्ण आशा राख्दछु ।

२०४८/७/६/३

बालक स्वामी (**श्री १००८ स्वामी रंगाचार्यजी**)
वृन्दावन रंगमन्दिर

।। श्रीमते रामानुजाय नमः ।।

# विज्ञप्तिः

मान्य भगवद्रामानुजीय सज्जनवृन्द ! हर्षको विषय छ कि– सदाचार्य वैभवप्रतिपादक गुरुपरम्पराको अनुसन्धान गरेर पं. श्रीमान् मुकुन्दाचार्य स्वामीज्यूले तेह्र वाक्यहरुको गम्भीर समालोचन गरि बक्सिएको छ । जो श्रीवैष्णवोज्जीवन सुधा" नामले विलसित छ; आकारमा सूक्ष्म भए तापनि तत्त्वत्रय र अर्थपंचकको दिग्दर्शन गराउनमा यो लघु पुस्तक अत्यन्त नै सहयोगी बन्दछ । उहाँको परिश्रमलाई पाठकहरुले नै मूल्याङ्कन गर्नु हुनेछ । साथै यसको आदिमा प्रातः स्मरणीय गोवर्धन श्रीरंगाचार्य स्वामीजी (वृन्दावन) ले यसमा भएको सारांश सुनेर उचित र मुद्रण योग्यको रूपमा अनुमति प्रदान गरिबक्सेको छ । नेपाली भक्तहरु यसबाट लाभान्वित हुनु हुने छ भन्ने पूर्ण विश्वास राख्दछु ।

भवदीयश्रेयोभिलाषी

**श्रीकृष्णमाचार्य (ज्ञवाली)**

श्रीरंगमन्दिर, वृन्दावन

श्रीमते रानानुजाय नमः

# मन्तव्य

सधैं पाठ गरिने त्रयोदशवाक्यको मर्म उद्घाटन गर्नुको साथै संक्षिप्त अर्थपञ्चक र तत्त्वत्रय संकलन गरेर श्रीवैष्णव समाजलाई स्वरूपज्ञ बनाउन श्रीमुकुन्दाचार्य स्वामी ज्यूले प्रशंसनीय प्रयास गर्नु भएको छ । आकारमा सानो भएता पनि गुणात्मक दृष्टिले महान् भएको यस पुस्तकको अध्ययन र मनन गर्नु आवश्यक छ । उहाँले यस प्रकारका अन्य धेरै लेख, कविता र पुस्तकहरू प्रकाशनमा ल्याई सक्नु भएको छ र ल्याउँदै पनि हुनुहुन्छ ।

श्रीभाष्यकार श्रीरामानुज स्वामीजीको महान् कैंकर्य सम्पादन गर्नु भएकोमा श्रीमुकुन्दाचार्य स्वामी ज्यू धन्यवादार्ह हुनुहुन्छ । श्रीवैष्णव समाज उहाँबाट धेरै उपकृत छ । शुभकामनाको साथ लघु मन्तव्य समर्पण गर्ने—

देवराज आचार्य
धनगढी

# श्रीमते हयग्रीवाय नमः

यो 'श्रीवैष्णवको जीवनामृत' श्रीमुकुन्दाचार्य स्वामी ज्यूले यथार्थ कुराले-अनेक शंका समाधान गरेर लेखिबक्स्यो । जस्मा हाम्रो वाक्यगुरूपरंरामा भएको अगम्य शङ्कालाई उत्पन्न गरि समाधान गरिबक्स्येको छ । यस्ले हाम्रो श्रीवैष्णवसमाज अत्यन्त लाभान्वित हुनेछ भन्ने आशा राखी श्रीमहाभागवतहरूमा प्रार्थना छ ।

दासानुदासः
**घनश्यामाचार्यः, पाञ्चाली**
विराटनगर

यो ग्रन्थ पढ्न शङ्खचक्रांकन भएका श्रीरामानुजानुयायीलाई मात्र अधिकार छ अन्यथा पाठक वर्गनै दोषी हुनेछ ।

ग्रन्थमा अशुद्ध पाइएमा शुद्धिपत्र हेर्नुहोला ।

# श्रीरामानुज वैभव

## श्रीरामानुजस्य चरणौ शरणं प्रपद्ये

रा–म्रो ज्ञान दिएर भक्ति हरिमा कट्टै लगाई दिने
मा–या वाद हटाइ शास्त्र श्रुतिको सुद्धि गराई लिने
नु–हाउँ गुरु पाद तीर्थ नदिमा स्वयं गुरु शेष हुन्
ज–न्मै मृत्यु जनीत दुःख हरने शुक्ति अरुको छ कुन्
स्य–हा हुन्छ रवद्ध चेतन कनै आज्ञा भई ब्रह्मको
च–रण् मात्र उपाय मुक्ति सुलभयैमुख्य मत् वेदको
र–माका पतिविर्सि भट्रकी रहने ई बद्ध चेतन कन
णौ–संवन्ध बताई लक्ष्मी पतिका सन्मुखमा ल्याउन
श–क्तिशालि गुरु अनन्त भगवान् आज्ञा भई ब्रह्मको
र–माई कन काखमा र शिरमा राख्ने अति मुग्ध भै
णं-यो वर्ण सरी पछिल्तिर हुने वद्धात्म उद्धारण
प्र–सन्नै भयी ब्रह्मले दिनु भयो विभूति दुई पालन
प–द् पद्मा गुरु शेष कोबि भन छ शास्त्रादि नै हेर्नु होस्
दे–हादि लिपि आउने गुरु जिमा सभन्निनै गर्नुहोस्

—•—

# श्रीरम्यजामातृ वैभव

श्रीरम्यजामातृ योगिने नमः

र–मणीय कू बिग्रह श्रीगुरुको
म– मिली सुविचार छ रून् गुरुको
जा–नि लीउँ यतीश्वर अंशभति ।।
मा–नि ल्यूँ भवसागर नाउ पनि
तृ–पदेश दिने अधिकारी कनै ।।
यो–मन दीन भुली भजी ल्यूँ सधैं
गि––रिधारि उनै श्रीरङ्ग पति ।।
ने–म छाडि रहे गुरु मानि अति
न–गरौन ढिलो अब जाऊँ शरण ।।
म–हटायी लोउँ गुरुका चरण

---

त्रिपाद विभूति वैकुण्ठ

# विषय-सूची


| क्र. सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | गुरू परम्परा रहस्य ज्ञान | १ |
| २. | संक्षिप्ततत्त्वत्रय | १० |
| ३. | संक्षिप्त अर्थपञ्चक | ११ |
| ४. | मूल गुरू परम्परा | १४ |
| ५. | तोताद्रि मठ गुरू परम्परा | १५ |
| ६. | अष्टाक्षरप्रद गुरू परम्परा | १६ |
| ७. | तोताद्रि गद्यस्थ आचार्य वैभव | १७ |
| ८. | वानाद्रियोगि प्रपत्ति | १८ |
| ९. | प्रतिवादि भयङ्कर गद्यस्थ वैभव | २१ |
| १०. | प्रतिवादी भयंकर गुरूपरम्परा | २२ |
| ११. | गोवर्द्धन पीठाधिश सबै गुरु परम्परा | २३ |
| १२. | श्री रङ्गदेशिक प्रपत्ति | २४ |
| १३. | द्वयार्थ संग्रह | २९ |
| १४. | निगमपडी भाषा छन्द | ३१ |
| १५. | दोस्रो रहस्य द्वयमन्त्र | ३५ |
| १६. | तृतिय रहस्य चरम मन्त्र | ३८ |
| १७. | सुलभ गुरू रामानुज स्वामी | ४० |

१८. अक्षरार्थ मूलमन्त्र अक्षरार्थ गायत्री
१९. गुरू शिष्यमा नवविध सम्बन्ध
२०. नारायण स्वरूप गुरू
२१. भागवत अपचार निरूपण
२२. भागवत अपचार नियन्त्रण
२३. शववत् मनुष्य
२४. शेष श्रीपति भजन
२५. गुरू रामानुज भजन
२६. सीता राम गुण कीर्तन
२७. सौलभ्य गुणको कीर्तन
२८. गोपीहरूको प्रेमको उजुरी
२९. चन्दा दाताहरूको नामावली
३०. शुद्धाशुद्धि

श्री यैनमः

श्रीमते रामानुजाय नमः

श्रीमद् वरवर मुनये नम·

# श्रीवैष्णवोज्जीवन सुधा

## गुरु परम्परा रहस्य ज्ञान

### श्रीवैष्णवहरूमा अपील–

प्रिय सज्जन वृन्द! हामी आफ्नो आत्मा सुधारका लागि श्रीवैष्णव भै आफूलाई धन्य संझिएका छौं। तर श्रीवैष्णव हुंदा गुरुले के के सिकाउनु भयो ? के के अह्राउनु भयो ? सो न जानी न बुझी खाली 'तिलक' 'श्री' मात्र लगाएर वैष्णव भएँ भनेर भन्नुता देखावटि मात्र हो। जस्तै लोक समाजमा नाम, थर, गोत्र, जन्म स्थान, पिता, पूर्खाको नाम थाहा भएमात्र लोक समाजमा पंक्तिवद्ध भइन्छ भने श्रीवैष्णव भएर परमपदमा पंक्तिवद्ध हुनका लागि पनि गुरु परम्परा र रहस्य त्रयको पुराज्ञान नभै हुँदैन। हाम्रो श्रीवैष्णव समाजमा कतिपय वैष्णवहरू म पुरानु ठूलो वैष्णव हुँ म कसैले छोए पकाएको खान्न, गुरु मुखी भै शंख–चक्रको छाप लगाएको

छु, यता नआउ परसर, भन्ने महाँपुरुषहरु पनि धेरै हुनु हुन्छ । तर गुरु परम्परा त परै गो केवल अष्टाक्षर मंत्र पनि शुद्ध छैन होला । त्यों ठूलो भूल हो । चौरासी लाख योनिमा घुमेर बल्ल मानिस भएर श्रीवैष्णवको टीका लगाउन पायौं । यत्ति मै रही सन्सारी बस्तु मात्रै अपनाएर त्यसैमा मग्न हुनु हाम्रो ठूलो भूल हो यसरी हामी नभुलौं । हामी बनौ पक्का श्रीवैष्णव ।

गुरुले मंत्र दिंदा के के ? सुनाउनु भयो त्यो सबै जान्न आवश्यक छ । जस मध्ये त्रयोदश वाक्य 'अस्मद् गुरुभ्यो नमः' आदि . . . . . . श्री मंत्र द्वय मँत्र र चरम श्लोकको जानकारीका साथै अस्मद् गुरुभ्यो नमः भनेको के हो ? यी सबै जान्नुपर्ने कुरा हुन् । गुरू परंपराको विषयमा कतिपय आचार्य कोटीका विद्वानहरू पनि आफ्ना गुरू, गुरूका गुरू र सबैका गुरू भनि उत्तर दिनुहुन्छ तर प्रश्नको सही उत्तर हुन सक्तैन । 'अस्मद् गुरूभ्यो नम' मा वहुवचन छ तर आफ्ना गुरू भन्दा एक वचन मात्रै हुनु पर्ने । गुरूका गुरू पनि एकै हुनुहुन्छ तर त्यहाँ पनि वहुवचन शब्द छ । कोहि विद्वानहरू 'आदरार्थे वहुवचनं यस्तो ब्याकरणको प्रमाण दिनु हुन्छ त्यो पनि ठीक भएन किनभने श्रीवैष्णव धर्मको धुरन्धर निर्वाहक श्रीरामानुजाचार्यज्यूको श्रीमते रामानुजाय

नमः' एक वचन मात्र परंपरामा छ । अब 'सर्वं गुरूभ्यो नमः' मा सर्व गुरूहरूमात्र अर्थ गर्दा अरू १० गुरूहरू को पाठ रहनु नपर्ने?

अवैष्णव आलोचक पण्डितहरू "वैष्णव धर्मलाई सनातन धर्मको ऐजेरू हो भन्दछन् । किनभने श्रीवैष्णव को गुरूपरम्परामा शठकोप नामका महात्मा देखि चलेको हो । शठकोपको जन्म कली शुरू भएको ४३ दिनमा भएको भन्ने पाइन्छ र अरू कुनै महर्षिहरूको नाम परंपरामा छैन । सनातन भनेको अनादि सिद्ध हो । तसर्थ श्रीवैष्णव धर्मलाई ऐजेरू भन्नु कुनै गाऱ्हो छैन भन्छन् तर नारायण आदि नाम र तत्प्राप्तिमा तप्त शंख चक्राङ्कन नारायणादि मंत्रहरूको आलोचना ढुङ्गे बगरमा स्याल कराए जस्तो हो नत विद्वत सभामा । यस्तो आलोचनाको समालोचना गर्ने परम्परातग आचार्यबाट शिक्षा पाएकोको व्यक्ति चाहिन्छ । श्रीसंप्रदायको अर्थ सामान्य पाण्डित्याईबाट हुँदैन । परमपद् अर्थात मोक्षको लागि नै शरणागत भै गुरूबाट मंत्रको रहस्य ज्ञान लिनु पर्दछ । तसर्थ जिवात्माको कल्याणको लागि परब्रह्म नारायणले स्वयं गुरूको रहस्य ज्ञानको उपदेश श्रीलक्ष्मीजीलाई बक्स्यो । यसै गरी राम, कृष्णबाट पनि रहस्य ज्ञानको उपदेश समय समयमा भएको हुँदा त्यस्ता परब्रह्मलाई

पनि सर्व गुरू भनिन्छ । ब्रह्मा, रूद्र, सनकादिहरूले पनि भगवद् विषयले युक्त धेरै नै ग्रन्थहरू प्रकाश गर्नु भयो। तर कालग्रस्त भै समयोचित प्रकाश निमित्त श्रीविश्व-क्सेन, श्रीशठकोप आदि पूर्वाचार्यहरू लगायत आफ्ना गुरू सम्म अबिच्छिन्न रूपले चली आएको छ।

गुरू परंपरामा पूर्वाचार्य, परमाचार्य र स्वाचार्य भनेर विभाजित गरिएको छ । श्रीरामानुज स्वामी देखि अघिका सबै पूर्वाचार्य हुनु भयो । गोविन्दाचार्य देखि वरवर मुनि सम्म परमाचार्य हुनु भयो । श्रीवरवर मुनिबाट नै अष्ट दिग्गज गद्दी कायम गरियो । जस्मा श्रीतोताद्रि, श्री भट्टनाथ (अण्डन स्वामी) बाट श्री गोवर्द्धन पीठ भएको हो । श्रीप्रतिवादी भयङ्कर, श्रीवेंकटाद्रि, श्री रामानुज (मयलकोटा), श्री वरदार्य, श्रीनतार्तिहारी र श्रीदेवराज यी (आठ दिग्गज मध्ये वरदार्य, नतार्तिहारी र देवराज यी तीन गद्दीको गुरू परम्परा हामीसंग छैन । आ-आफ्ना गद्दीका प्रथम गुरूदेखि आफूलाई मंत्रदिने गुरू सम्म "अस्मद् गुरूभ्यो नमः भयो । श्री वरवर मुनि देखि उता गोविन्द स्वामी सम्म" अस्मद् परम गुरूभ्यो नमः भयो / यी १३ वाक्यमा

टिप्पणी:- गुरु परम्परा अभिज्ञ भएका विद्वानहरुको विभिन्न भनाइछ तर पाठको शिलशिलामा यहि ठिक्क देखिन्छ ।

नआएका कुरेश, दाशरथि, मधुर कवि गोष्ठि पूर्ण, श्री शैलपूर्ण आदि 'सर्व गुरूभ्यो नमः' मा आउनु हुन्छ । यो अर्थ अनुसन्धान गरेमा कुनै पनि गुरूको नामानुसन्धान गर्न बाँकी रहंदैन ।

त्रयोदश वाक्य मध्ये "श्रीमते रामानुजाय नमः मा श्रीमते यस्तो "मतुप्" प्रत्ययबाट "मत्" शब्द भएपछि वहाँकै गुरूमा "श्रीमत् परांकुश" नभै श्रीपरांकुश दासाय नमः हुने र, श्रीमद् यामुनमुनये नमः भएपछि वहाँका गुरूमा "श्रीराममिश्राय नमः श्रीपुण्डरकाक्षाय नमः यस्तो शिष्यमा श्रीमत् हुने, गुरूमा नहुने यो पनि ठूलो रहस्य वुझिन्छ । श्रीमद् शब्दले श्रीमान् जनाउने हुँदा यो शब्द वहुमान पाउनेलाई दिईन्छ । तसर्थ जस्ले भगवद् विपयको प्रकाश बढीमात्रमा गऱ्यो उसलाई यो बहुमान प्राप्त हुन्छ । जस्तै लोकमा बाबुको नामै छैन, छोराले श्रीमान् शब्दको मान पाएको हुन्छ । त्यस्तै वेदमा रसमय रहस्य यत्रतत्र छरिएर कठींन शब्दमा रहेको हुँदा उपाय के हो उपेय के हो ? आत्माको परम पूरूषार्थ के हो ? यसको सरल र संक्षिप्त रूपमा भाव स्पष्ट गर्न नसकी १८ पुराण, इतिहासहरू धेरै लेखेर उपायान्तरलाई नै जोड दिएर महर्पिहरू थाकेर बसे । वर्तमान समयमा भगवद् आज्ञा पाई भगवद् पार्षद अर्थात नित्यसुरीहरू

"कलौ खलुभविष्यन्ति नारायण परायणाः । क्वचित् क्वचित् महाराज द्रविडेषु च भूरिशः" भन्ने उक्ति अनुसार श्री शठकोप आदि आल्वारहरू द्रविड देशमा जन्म लिएर वेदको रसमय रहस्यको सरल अर्थ गरी द्रविड भाषामा आत्मा, परमात्मा, उपाय, उपेय, पुरूपार्थ, फल इत्यादि र शेष, शेषीभूत–आत्मा परमात्माको स्वरूप गुण विभूति संक्षिप्तमा दर्शायी स्पष्ट रूपले अष्टाक्षरको अर्थ देखाई प्रभूको कृपाबाट नै चेतनहरूले आफ्नु स्वरूप, परस्वरूपादि अर्थ पञ्चक ज्ञान पाएर शेषत्व पार तंत्र्य पराकाष्टामा पुगी सहजै नित्य स्वरूपानुरूप भगवद् सन्निधिमा पुग्न सकुन भन्ने हेतुले चार हजार प्रबन्ध लेख्नु भयो ती मध्ये सहस्रगीति नामक शठकोपोक्तिमा भविष्यआचार्य वैभव स्पष्टिकरण रसमय सर्वोत्कृष्ट ग्रंथ देखिएको हुँदा **श्रीमतेशठकोपाय** नमः यस्तो मतुप प्रत्यय भयो । श्रीशठकोप स्वामी ३२ वर्षको उमेरमा परंपद भएपछि सहस्रगीति श्रीमधुर कविबाट सुरक्षित रह्यो । वहाँ वृद्ध भैसकेको हुँदा चाँडै नै परमपद हुनु भएकोले सो ग्रन्थ पनि कुनै कारणले शारङ्ग पाणि दशक १ मात्र बाँकी रहेर अरू नष्ट भयो । तीन हजार वर्ष पछि श्री नाथ मुनि स्वामीले ठूलो कष्टका साथ शठकोप सुरीलाई प्रत्यक्ष गरी नष्ट भएको ग्रन्थ पुनः प्रकाशमा

ल्याउनु भएको हुँदा "मतुप" **प्रत्यय लागि श्री मन्नाथ** मुनये नमः भएको हो । सो ग्रन्थ पुण्डरीकाक्ष र श्री राममिश्रमा सुरक्षा मात्र भयो प्रकाश हुन नसकेकाले "मतुप" प्रत्यय लागेन । श्रीयामुन मुनिले सो ग्रन्थको अर्थ व्याख्या गरि रहस्यार्थ वाल्मिकी रामायणार्थ, मंत्रार्थ, विशेषार्थ प्रधानार्थ आदि शिष्यहरूमा प्रकाश गर्नु भएको हुँदा "मतुप" प्रत्यय लागि "**श्रीमद् यामुनमुनये नमः**" भयो । श्रीयामुन मुनिबाट शिक्षा पाएका गोष्ठिपूर्ण महाँपूर्ण आदि ५ आचार्यहरूबाट ५ तहको शिक्षा बनाएर अनादि वद्ध प्राणिहरूमा अजर-अमर हुने अमृतमय रहस्यको उपदेश दिएर विश्वमा रहेका अतिनिकृष्ट चेतनलाई पनि भगवद् अन्तरंग बनाई बक्सेकोले "श्रीमते रामानुजाय नमः" हुनु स्वभाविकै हो । pdf.upayogibooks.com

(श्री) लक्ष्मी नारायणरूपी महासमुद्रबाट अनन्त रसमय रहस्य करूणामय जल श्री शठकोरूपी मेघ भै श्रीनाथमुनि पर्वतमा बर्स्यो । सो रसमय ज्ञानमय जल श्रीपुण्डरीकाक्ष श्रीराममिश्र (छाँगा) धारा भै बगेर श्रीयामुन मुनि नदी भै श्री रामानुज यतीन्द्र पद्मरूपी सरोवरमा अनन्त रसमय रहस्य ज्ञानजल भरियो । सो ज्ञानरूपी जल चौहत्तर पीठादि देशिकेन्द्र रूपी मेघ भै झिकेर संपूर्ण प्राणिमय जीज्ञासु रूपी अन्न खेतिमा उपदेश

रुपी सिचाई हुँदा ज्ञानानुष्ठानि फल फूल प्रकाशित भये ॥
भनिएको पनि छ–

लक्ष्मी नाथारव्य सिन्धौ शठरिपु जलदः प्राप्य कारूण्य नीरम्
नाथाद्रा वभ्यसिञ्चत्तदनु रघुवरांभोज चक्षुर्झराभ्याम्
गत्वातां यामुनाख्यां सरितमथयतीन्द्राख्यपद्मा करेन्द्रम्
संपूर्णम् प्राणिशस्ये प्रवहति सततंदेशिकेन्द्रा भ्रमोधं ॥

यस रसमय चर्चामा (भू-लोकका ज्ञानी भक्तहरुता एक-एक रुप भगवान्का भक्त भएर अरु रुपको ख्याल गर्दैनन् जस्तै वाल्मीकि मात्र श्रीरामावतारका,★ परासर व्यास सुकादि केवल श्री कृष्णका, अनि श्री विष्णु धर्म ग्रन्थका प्रणेता शौनक, महर्षि, केवल अर्चावतारका भक्त थिए । परन्तु श्री शठकोप सूरी आपना दिव्य प्रवन्धहरुमा भगवान्का सबै प्रकारका परिपूर्ण अनुभव गर्नुहुन्छ ।

---

★ टिप्पणी:– सहस्र गिति अर्थात भगवतविषयसार शतक ४ दशक ५ गाथा ९ मा उक्त कोष्ठमा लेखिएको प्रमाणित छ ।

महर्षि वाल्मीकि, भारद्वाज, वशिष्ठ आदिले परात्पर रामै मात्र हुनुहुन्छ । शुक, व्यास, पराशर आदिले कृष्ण नै परात्पर हुनुहुन्छ, भन्ने सिद्धान्त अनुसार वर्तमान स्थितिमा पनि तत्भक्त भएका विद्वान महात्माहरू राम भक्तहरू रामै परात्पर हुन विष्णु कृष्ण आदि रामबाट भएका हुन भन्ने र कृष्ण भक्तहरू कृष्ण नै परात्पर हुन्, विष्णु नारायण रामादि कृष्णबाट भएका हुन् भन्ने अध्यवसाय गरी सम्प्रदाय पनि चलाएका छन् ।

त्यसकारण वहाँ अरू भक्त भन्दा विलक्षण हुनुहुन्छ) शौनकले महर्षिहरूको पूर्वोक्त सिद्धान्त स्वीकार गरी परब्रह्मको आविर्भाव (सुलभ) र तिरोभाव (कठिन) को कारणले गर्दा महर्षिहरूको सिद्धान्त फरक देखिएको हो भन्ने प्रष्ट दर्शाउनु भएको छ । तसर्थ राम, कृष्ण आदिले पनि मानेर जानु भएको श्रीरङ्गनाथ, श्रीयादवाद्रि नाथ आदि अर्चाविग्रह नै परात्पर, माननीय, पूजनीय हुनुहुन्छ भन्ने सिद्धान्त कायम गर्नुभएको छ । यस प्रकार प्राचीन महर्षिहरूको सिद्धान्त वेदोक्त हुनाले अकाट्य छ । तर कलीकालका अल्पज्ञ मानवहरुले वेदको मनोमानो अर्थ गरेर सनातन धर्म दूषित पारीदेलान् भन्ने हेतुले भगवान-को आज्ञा पाई आल्वारहरु यस मर्त्यलोकमा अवतरित हुनुभयो । आल्वारहरु मध्ये श्रीशठकोप सूरी प्रधान आचार्यको रूपमा मानिनु हुन्छ । किनभने वहाँलाई विश्वक्सेनको अंश तथा भगवद् चरणावतार पनि भनिन्छ । वहाँले आजन्म आमाको दुध पान लगायत सन्सारी, पदार्थहरुको उपभोग कैही नगरी ३२ वर्षको उमेर सम्म भगवद् गुणानुसन्धान गरी वेदको यथार्थ र रहस्यार्थ समेत द्रविड भाषामा गरेर प्राचीनतम् महर्षिहरुको सिद्धान्तलाई समन्वय गरी एउटा प्रबल सिद्धान्त खडा गर्नुभयो । वहाँको सिद्धान्त अनुसार श्री

रामचन्द्रको चरित्र अनुकरण गर्न, श्री कृष्ण चरित्रको अनुसन्धान गर्ने र श्री अर्चाविग्रहको आराधना गर्ने भनी प्रष्ट रूपेण मार्ग दर्शाउनु भयो । यसरी प्रतिपादन गरिए को सिद्धान्त अनुसार श्रीरामको चरित्र अनुकरणले वेदोक्त मर्यादा पादन हुने, श्री कृष्ण लिलानुसंधानले सर्व सुलभत्व र गीतोपदेश गरी "मामेकं शरणं व्रज । मोक्ष यिष्यामीमा शुच ।।" उपाय उपेय आफैं भएर अति सुलभ को अभय प्रदान गर्नु भएको कुरा दर्शाउँछ । सर्व व्यापी उभय विभूति नाथ, विश्वका पिता श्रीलक्ष्मी नारायण पांच भेदले सुलभता पूर्वक अर्चा मूर्तिमा रहनु भएको हुँदा दिनचर्या शुद्धगरी सदा स्मरण गर्न अर्चा विग्रहनै आराध्यदेव हुनुहुन्छ भनेर सबै प्राचीन महर्षिहरुको मत र देशकाल अनुसार बद्धात्माको स्वरुपानुरूप वेदोक्त सिद्धान्त दर्शाइ बक्सेको हुँदा वहाँलाई प्रधान आचार्य भन्न कुनै अत्युक्ति हुँदैन ।

### संक्षिप्त "तत्वत्रय"

परब्रह्मको वैभव चित्, अचित् र ईश्वर गरी ३ तत्वले पूर्ण छ । चित् तत्व भनेको ब्रह्मांश वा आत्मा जाति हो । नित्य र अणु भै अनेक र प्रकृति देखि अलग हुनुका साथै आनन्दमय भै ज्ञानवान छ । जस्तै- मणि र मणिको

प्रकाश । यसरी आफ्नो स्वरुपमा दृढ भै निश्चिन्त रहेमा ब्रह्ममय हुन सक्छ। अचित भनेको जड पदार्थ हो। जसलाई प्रकृति पनि भनिन्छ । यो शुद्ध सत्व मिश्र सत्व, शून्य सत्व गरी ३ तत्वमा विभाजित छ । शुद्ध सत्व भागको त्रिपाद विभूतिमा रहने ब्रह्म र नित्य मुक्तहरुले उपभोग गर्दछन् । मिश्रसत्व भनेको त्रिगुण हो, जसलाई सत्व, रज र तम भनिन्छ। जसको आधारमा लीला विभूति अर्थात संसार छ । शून्य तत्व भनेको काल अथवा समय हो । यसैको आधारमा घडी, दिन, पक्ष, मास, ऋतु, अयन, संम्वतसर, युग, कल्प आदि विभाजित हुने हुँदा कीरा देखि ब्रह्मा पर्यन्तको आयुको गणना हुन्छ। ईश्वर तत्व भनेको प्रकृति देखि अलग चित र अचित तत्वको नियामक, धारक, प्रेरक र पोषक साक्षात परब्रह्म हुनुहुन्छ र पर, व्यूह, विभव, अन्तर्यामी र अर्चावतार गरी ५ भेदले रहनु हुँदा नारायण, विष्णु, राम कृष्ण आदि अनन्त नामले परिपूर्ण हुनुहुन्छ ।

## संक्षिप्त अर्थपञ्चक

pdf.upayogibooks.com

अर्थ पंचकमा स्व स्वरूप, परस्वरूप, पुरूषार्थ, स्वरुप उपाय स्वरुप र विरोधी स्वरूप गरी ५ अर्थ छन् । स्व

स्वरूपले देह, इन्द्रीय, मन बुद्धि यी दृश्यमान सबै देखि अलग भै अति विलक्षण छ इन्द्रीयादि वस्तु सबैलाई मेरो भन्ने जनाउँछ । "म" भन्ने आत्मा जाति हो । आत्मा शरीर देखि अलग जातिको भएतापनि शरीरको सम्पर्कले गर्दा आई परेका दुःख हटाउन नसकि इच्छा नभएपनि दुःख भोग्नु पर्ने हुँदा स्वतन्त्र नभै परतन्त्र छ । यो जाति ईश्वरको शेष वस्तु हो । पर स्वरूप सर्व तन्त्र स्वतन्त्र सर्वेश्वर, सकल गुण सम्पन्न, देवाधिदेव, श्रियः पति, सर्वान्तर्यामि, पञ्चभेद संयुक्त, श्री मन्नारायण, सकल जगदाधार, सर्व प्रभु होइबक्सिन्छ । पुरुषार्थ स्वरूप भन्नाले "म" भन्ने आत्म जातिले अलौकिक आनन्द र चीर सुखको लागि गरिने कामलाई जनाउँछ । उपाय स्वरुपले दुःख नाशगरी सदा आनन्द पूर्वक कहिल्यै नसकिने सुख पाउन गर्न लागिएको काम भन्ने जनाउँछ । विरोधि स्वरुप सत्कर्म गर्न मन नलाग्नु, नसक्नु इत्यादिलाई जनाउँछ । यसरी संक्षेपमा अर्थपञ्चकको चर्चा गरियो । जिज्ञासुले संबन्धित प्रधान ग्रन्थ हेरो यथेष्ठ ज्ञान, प्राप्त गर्नु राम्रो हुनेछ ।

उपर्युक्त उल्लेखित प्रसङ्ग आत्मोउद्धारका लागि पथ प्रदर्शक हुन् । यसरी आफ्नो जीवनलाई सार्थक बनाउन केहि उपाय अवश्य गर्नु पर्दछ । यसरी उपाय गरी

आनन्द पूर्वक अविनाशी सुख प्राप्त हुनुनै मोक्ष भनिन्छ । सो प्राप्तिका लागि ५ उपाय मध्ये आचार्य उपाय नै सजिलो र प्रधान हो। कर्म ज्ञानादिमा पनि गुरु चाहिन्छ तर प्रधान अरुनै हुन्छन् । तसर्थ आचार्य उपाय भन्दा शिश्यको संपूर्ण भार लिएर मोक्ष प्रदान गर्न सक्ने क्षमता भएकै आचार्य चाहिन्छ । सो विषयको क्षमता शेषजी बाहेक अरुमा छ भन्न सकिँदैन किनभने नारायण-लाई काखमार विश्वलाई शिरमा राख्न सक्ने क्षमता शेषजीमै भएको हुँदा उपाय भै पुरुषकार गर्न उभय सिद्ध छ। स्वयं शेषजी नै "द्वापरान्ते कले रादौ ० ० ० ० रामानुजेती भविता" यो प्रमाण अनुसार श्री भूतपुरीमा नर रूप अवतार लिई उपाय उपेय आफै नै भै जगत उद्धार गरी बक्सेको विद्वत् मण्डलीमा विश्व प्रख्यात छ । तसर्थ श्रीसंप्रदायलाई श्रीरामानुज संप्रदाय भनी ख्याति प्राप्त छ। यही संप्रदाय अन्तर्गतका आचार्य परम्पराको नै कीर्तन, पाठ, जप, आदि गर्नु अनिवार्य कार्य हो । यसै कारण आचार्यहरुले कीर्तन, पाठ,जपको सिलसिलामा अस्मद् गुरुभ्यों नमः आदि त्रयोदश वाक्य राख्नु भएको छ ।

अस्तु

दुर्लभो मानुषो देहो देहिना क्षणभङ्गु रः ।
तत्रापि दुर्लभं मन्ये वैकुण्ठ प्रिय दर्शनम् ।।

# मूल गुरू परम्परा

१ अस्मद्‌गुरुभ्यो नमः
२ अस्मत्परम् गुरुभ्यो नमः
३ अस्मत्सर्वगुरुभ्यो नमः
४ श्रीमते रामानुजाय नमः
५ श्रीपरांकुश दासाय नमः
६ श्रीमद्यामुनमुनये नमः
७ श्रीराम मिश्राय नमः
८ श्रीपुण्डरीकाक्षाय नमः
९ श्रीमन्नाथ मुनये नमः
१० श्रीमते शठकोपाय नमः
११ श्रीमते विश्वकसेनाय नमः
१२ श्रियै नमः
१३ श्रीधराय नमः

अस्मद्देसिकमस्मदीय परमा चार्यनशेषान् गुरुन ।
श्री मल्लक्षमणयोगि पूंगव महाँ पूर्णों मुनियामुनम् ॥

राम पद्म विलोचनं मुनिवरं नाथं शठद्वेषिणम् ।
सेनेशंश्रियमिन्दिरा सहचरं नारायणं संश्रये ।।

श्रीशं श्रीं शैन्य नापं वकुल धर मुनि नाथ थंके रूहाक्षो
श्री रामं यामुनेयं वरमपिच महाँपूर्ण रामानुजार्यौं
गोविन्दं भट्ट वेदान्त्यमिमत कलिजिद् वंशादासम्स कृष्णौं
लोकार्यं श्री नगर्शें वररर मुनिमप्यह चिन्तथामी ।।

## श्री तोताद्रि मठ गुरुपरम्परा

आदिव्योम माहाद्रियोगि वरदा लङ्कान रंगाधिपान् ।
श्री मत्ति मपयोगि लक्षमण मुनि श्री मन्महाँवेङ्कटम् ।।
कोनप्पा ह्वय मार्यं संयमिवरं श्री रंगनाथं मुनिम् ।
श्रीमद् वेङ्कट योगिनं गुणनिधि देवेश योगीश्वरम् ।
श्रीमद् वेंङ्कट नामकं यतिपतिं श्री देवराजं यतिं ।
कुरेशा ह्वय योगिनं मुनिवरं श्रीवत्सचिह्ना भिधम् ।।
नौमि श्री कुरूका पुरी मुनिवरं श्री रंग योगिश्वरं ।
वात्सल्यादि गुणाबुरा सौशठ्जिद् भट्टेश योगिश्वरौ ।।
वन्देऽहं कलिजित्यतीन्द्र मनघं शान्त्यादि पूर्णाशयं ।
श्री वानाद्रि यतिश्वरं मधुरक व्याख्यं सदासंश्रयें ।।
सेवे राम सहोदरार्य शठजिच्श्रीविष्णु योगीश्वरान् ।
वात्सल्यादि गुणाम्वुराशि मनघ वंदेकलिध्वंसिनं ।।
नौमि श्री मधुरं कवि नुनिवरं रङ्गेश सेवा परं ।
वन्दे लक्ष्मण योगि वर्यं मतुलं वेदान्त तत्वाथदम् ।।
सेवेश्री शठ जिद्यतीन्द्र मनघ श्री भट्टनाथं गुरूम् ।

–इति–

यहाँसम्म द्वयमन्त्र र रहस्यहरू प्रदाता गुरुहरूको पाठ भयो ।

अव,

## अष्टाक्षरप्रद गुरु परम्परा

१. श्री वद्रीनारायण
२. श्री नरः
३. श्री अङ्गिरा
४. श्री नारदः
५. श्री विष्णु वृद्धः
६. श्री ब्रह्म तन्त्रः
७. श्री स्वतन्त्र
८. श्री वीतरागि
९. श्री मेधाविः
१०. श्री सुदर्शन
११. श्री वोधायनः
१२. श्री ब्रह्मानन्दिः
१३. श्री भारुची:
१४. श्री भार्गवीः
१५. श्री द्रविडाचार्यः
१६. श्री ईश्वरमुनि
१७ श्री नाथमुनिः

## छन्दोवद्ध

नारायणं नरंचैव अंगिरा नामकंमुनिं ।
नारादं च मुनि दिव्यं विष्णु वर्धनामकम् ।।
ब्रह्मतन्त्रं स्वतन्त्रं-च बीत रागिण माश्रये ।
मेधाविनं महात्मानं सुदर्शनगुरुं भजे ।
बोधायनं भारूचि-च भार्गवी नामकं गुरूम् ।
ब्रह्मानन्द मुनिं चैव द्रविडा चार्यं मेवच ।
मुनि मीश्वर नामानं गुरू नाथ मुनिं भजे ।।

## तोताद्रि गद्यस्थ आर्यंको सुक्ष्म वैभव
## तोताद्रिस्वामोज्यू

तोला भर्पनि ज्ञान हीन जनमा दया गरी प्रेमले
ता-जा' भक्ति र ज्ञान भर्दिनु भयो आचार्यकानेमले
द्-ष्टि मात्र छ पाप नास गरने वाणी अहो के मिठो
स्वा-दीलो प्रवचन छ बज्र सरो मन पग्लो शरण् भै छिटो
मि-लीगो पद पद्ममा भ्रमर झैं व्यामोहले मुग्ध भै
ज्यू-धन् सन्तति भार अर्पण गरौं अन्यत्र काहीं नगै

—०—

## (श्री) वान मामलै जीयर तिरूवडि गलेशरणम्

वा-क्सिद्धि भयी ज्ञान भक्ति बलीयो श्रीरम्य जामातृमा ।
न-जर्मात्र फिरायी शुद्ध गरने आसृत्हुने शिष्यमा ॥
मा-लादिव्य दुइ कमल तुलसीको माला पवित्रा पनि ।
म-नन्नित्य शठारि सुक्ति रसमा रोमाञ्च गद्गद्वनी ॥१॥
लै-जाउ भव भार आतम गतिनै आचार्य मै भर्परी
जी-वन् सुद्ध छ ज्वाञो भैदिनु हुँदा श्रीदेवानायक हरि
यर्-अन्त्ये जी अघाडिको हुनगई तृदण्डि स्वामी हुँदा
ती- नै लोकमाहा छ व्यापक पद कीर्ति सदा चार्वडा
रू-न्छन् आश्रम दुइ महापुरूषले त्यागी दीदा शर्मभै
व-खतमा छ गमन् पुत्रित्व रहने श्रीलक्ष्मीमा प्रेमभै
डि-क्री यो लिनु भो श्रीलक्ष्मी पतिकै आराधना भारका

ग-लो यो मनगो श्रीवानमुनिमा निर्भगरी मुक्तिको
ले-इछंन स्व परायमा अलि कति वयं पक्षपात्को पनि
श-वत्व छुटिगं छ मानवपना सम्बन्ध राम्रो वनो
र-माइ मनगो श्रीवानपदमा खुशी हुंदा श्रीरमा
णं-यो वर्ण पढाडि हुन्छ जसरो त्यस्तै म छु पाउमा

श्रीमते रामानुजाय नमः

## श्रीवानाद्रि योगी प्रपत्ति

फुट्टं फूलेर कमलं सरि दिव्य राम्रा
देख्ता नयन खुशिहुने अनुगामि हाम्रा
संसार सागर उतार्न शिपालु पाउ
वानाद्री योगि मुनिका शरणं मजाउँ

(१)

कान्तो पयतृ मुनिको छ दया अपार ।
कामादीलाई कुटने छ दया अगाध ।।
वानाद्रि लक्ष्मण मुने दुइ दिव्य पाउ ।
छन्कल्प वृक्ष सरिका शरणं म जाउँ ।।

(२)

पत्ना सुतादि सुख जेल समान जानो ।
सौम्यो पयन्तृ पद आश्रय मुख्य ठानो ।।
जानुभयो शरण वान मुने उ पाउ ।
विश्वास निश्चय गरी शरणं म जाउँ ।।

(३)

पले विरक्ती लति भै हनुमान माथि ।
बडेर आई पछि भिष्म उपर्न माति ।।
शाखा हजार भई सुन्दरी पारि दाउँ ।
आइछ वान मुनीमा शरणै म जाउँ ।।

(४)

वानाद्रिका सकल मण्डप गो पुरादी ।
कैंकर्य भो श्रीहरिमा दृढचित्त बाँधी ।
सौम्यो पयन्तृ मुनिका पद प्रेम भाउ ।
वानाद्रि योगी मुनिका शरणै म जाउँ ।।

(५)

भाषादीनैछ परिणामक वेद ज्ञान ।
जो श्री शठारी वच कर्ण सुधा समान ।।
व्याख्यान अर्थ गरियो लि उदारताउ ।
वानाद्रि योगि मुनिका शरणै म जाउँ ।।

(६)

संसार सर्प बिष नास गरने छ मंत्र ।
जो नाम कीर्तन छ छिन्छिन दिव्य यन्त्र ।।
भन्छन् त आर्यहरू ब्रह्म समान नाउँ ।
वानाद्रि योगि मुनिका शरणै म जाउँ ।।

(७)

मनुष्यको अति पुरानु छ पाप रास ।
एकवार संऴनुहवस हुन जान्छ नास ।।
सज्जन सुवन्द्य र पवित्र सुदिव्य पाउ ।
वानाद्रि योगि मुनिका शरणै म जाउँ ।।

(८)

श्रीपाद तिर्थ कली वायू त्रिताप अग्नि ।
नाशि दिने विमल सज्जनका भवाग्नि ।।
श्री घूलि भित्रमन सुद्धी छ दिव्य पाउ ।
वानाद्रि योगि मुनिका शरणै मजाउँ ।।

(९)

वाधुल वंश तिलक: वरदार्य नाम ।
आत्मीय वात्सल गुणैहरू छन् तमाम ।।
राखिदिए सकल भार्निज त्यागि भाउ ।
वानाद्रि योगि पदमा शरणै मज़ाउँ ।।

(१०)

सद्वृत्तिले समदमादी शिमा पुगेका ।
सद्वन्द्य भै श्रुतिपुराण शिखर्पुगेका ।।
बेरै गुरू जन सुसेवित दिव्य पाउ ।
श्रीवान योगि मुनिमा शरणै मज़ाउँ ।।

(११)

वैराग्य हनुमान भिष्मजि महा देखिन्छ केहि फिका ।
भक्तिरश मधुरो शठारी मुनिमा के गर्नु यिन्मा टिका ।।

घेरै ज्ञान छ नाथ यामुन महाशैली मिलेको अति ।
शेषका अंश श्रीवान योगि मुनि कै होलान भरुको उति ।।

(१२)

सेवा तिन्न श्रीवान नाथ प्रभुको श्रोशेष कै उज्वल ।
प्रीती छन कुलशेखरै शरि पूजा तद्भक्तमा निर्मल ।।
आचार्य पदको पूजार्चन विधी प्रकाश तेजी क्रिया ।
वानाद्रि मुनिमा मधुर कवि कै राज भै श्रीभक्ती सुधा ।।

(१३)

गुरू शिष्य शरीर धारि ति दुवै ब्रह्माण्डका श्रीपति ।
शिष्यः श्रीनर भै नारायण गुरू मन्त्रार्थ निधी पति ।।
पहिलेनै एउटै अमृत जलधी सौम्योपयन्तृमुनि ।
वहाँकै वर शिऽय राज हुनु भो वानाद्रि योगि मुमि ।।

(१४)

इति

pdf.upayogibooks.com

## (श्री) प्रतिवादि भयङ्कर गधस्थ वैभव
## प्रतिवादि भयङ्करो विजयते

प्र-चंड बिद्या अनि ज्ञान भक्ति
ति-न्नै गतिको छ विशाल बुद्धि
बा-जा भयीतिप्रति वादि भागे
दि-व्य प्रभाभै कति पाउ लागे

भ-येन डक्र्यै सुभ ज्ञानपाई
यं-आदि लेनिर्मल बुद्धि आयो
क-ल्याण भो आश्रित मानवैको
रो-एर नै त्यो भव पाप गै गो
विशेषले पञ्चमको उपाय
ज-मी दिंदा चार भये अपाय
यस्ता गुरूलाई नभुल्नु होला
ते-सै वसे व्यर्थ हुनेछ चोला

—०—

**श्रीकाञ्ची प्रतो वादी भयंकर मठ संक्षिप्त गुरु परम्परा**

वादी भसिंह गुरू वर्य मनन्तसूरिन्
रामानुजार्य मथ सौम्यवर प्रदौच ।
वेदान्त सौम्यप्रणतार्ति हर श्रुतान्तान्
बन्द्यान् वर प्रद सुवेंकटरङ्ग सूरीन् ।।१।।
श्री श्री निवास गुरुवर्य मनन्त सूरिम्
पद्मानिवास गुरु वर्य मनन्त सूरिम् ।
वेदान्ति मानिलय-लक्ष्मण कृष्णसूरिन्
वन्दे ह्यनन्त प्रति वादि भयङ्करार्यान् ।।२।।

## श्री अण्डन गद्दी (गोवर्धन पीठ) को
### सर्वैभव संक्षिप्त गुरु परम्परा
### श्री रंगदेशिक पदमेवउपाय

र–म्यो द्राविड वेद देव लिपि मा छाया भयो आउंदा
ग–म्य प्राप्तछ उत्तरस्थजनमा रहस्य ज्ञानै हुँदा
दे–हत्व छुटि शेष भाव गरने उद्देश्य आचार्यको
शि–ष्यार्थ लिपि देव मा भरनुभो द्रावीड भाषादि को
क–ल्याणै रसिलो हुँदा स्मरण भो श्रीरम्य जामातृ नै
प–वितृ करूणा रहस्य भरिभै संक्रन्छु हे सत्यनै
द–या हेतु इ उत्तरस्थ जनमा पाल्नु भएको गुरू
मे–रोयो मनगै रहोस् पदमा उपाय छाडी अरू
व–हुत्कर्म र ज्ञान भक्ति अनिता प्रपत्ति चारौ भयो
उ–पाय क्रमश सुगम्छ अरु लौ अन्तिम् गुरु पादयो
पा–लन हुन्छ हरिजी बाट तरछ गुरु बिना शंशय
य–स्मा खूब विचारणीय छत हे शास्त्रादिको सञ्चय

लेखकः मुकुन्द

### परम्परा

श्रीरङ्गदेशिक गुरुं कमला निवासं।
शेषार्य कृष्णगुरु वेङ्कट सूरि वर्यान् ।।
श्रीमच्छठारि गुरुवर्यं - रमानिवासौ ।
श्रीमद् गुरूं वरद देशिक माश्रयेऽहम् ।।१।।

प्रणतार्तिहराचार्यं वरदं वेङ्कटं गुरुम् ।
श्री वेङ्कटाचार्य वर्यं नतार्ति हर माश्रये ॥२॥
वरद गुरुं वेङ्कटार्यं श्रीवरदार्थं नतार्तिहरमुरीन्
श्रीवासवरदनारायण वर कान्तान् समाश्रये नित्यम् ॥३॥
श्रीशैलेश्वर लोकदेशिक गुरुं श्री कृष्ण पादम् सदा ।
वन्देऽहं कलिवैरिदास निगमान्ताचार्य भट्टारकान् ॥
श्रीगोविन्द यतीन्द्र पूर्ण यमुना वास्तव्य रामान् भजे ।
पद्माक्षाह्वयनाथ योगि शठजित् शेनेश पद्मा हरीन् ॥४॥

श्रीमते रामानुजाय नमः

## श्रीरङ्गदेशिक स्वामी प्रपत्तिः-

श्रीपाद-पद्म जसका प्रपन्न-जन रक्षक ।
अक्षय-व्रत-मूर्ति हुन् वैकुण्ठ-गति दायक ॥
व्रजका देहधारीका कल्पवृक्ष समानका ।
पर्दछू रङ्गसूरीका पदमा भक्तिले सदा ॥१॥

फक्रेका पद्म ळैं पाऊ धेय आश्रितका धन ।
आडम्बरी नास्तिकका दुष्टसिद्धान्त ध्वम्सन ॥
इष्टवस्तु दिने आफ्ना दासलाई दनादन ।
पर्दछू रङ्गसूरीका पदमा म अकिञ्चन ॥२॥

शास्त्रीय साधन उपाय र भक्ति ध्यान ।
सद्भक्तिले सकल प्राप्य छ कर्म ज्ञान ॥
यस्ता उपाय अरू साधन छोडिएका ।
पर्छू म रङ्गसूरीका पदमा हमेसा ॥३॥

कामादिलाई कतिले सब नाशपारी ।
त्यागीदिए सकलकर्म उपाय भारी ।।
जस्का पदाब्ज अवलम्बन मात्र मेरा ।
पर्छू म रङ्गगुरूका पदमा अकेला ।।४।।

पर-आत्मस्वरूप समेत सबै ।
हरिको परतन्त्र भुलेर अऴै ।।
भगवद् गति नै अवरोध हुने ।
इ उपाय सबै बुझि त्यागिदिने ।।

शुभदिव्य गुणाकर रङ्गगुरो ।
अरू छैन उपाय भएँ अधुरो ।।
प्रभुका पदमा शरणागत छू ।
लिनुहोस् म अकिञ्चन चेतन हूँ ।।५।।

यज्ञादिछन् अरू उपाय सुकर्म भारी ।
प्रपत्तिनै छ सजिलो पुगिनेछ पारी ।।
यस्तो बुझेर रहने भवदेखि दूर ।
पर्छू म रङ्गगुरुका पद्माऽनुकूल ।।६।।

बसेर राजपथका बिचमा विचारी ।
यो सत्य हो भनि कराम्बुज उच्चपारी ।।
को सक्छ "छैन परमेश्वर भन्न" भन्ने ।
आश्रित् छु रङ्गगुरूमा परतत्व जान्ने ।।७।।

इह परत्रमा मेरा भोगिने कर्मवासना ।
लाई नाशि दिने लाल पद्मजस्ता मनोरमा ।।

यस्ता श्रीरङ्गसूरीका दिव्य पादारविन्दमा ।
शरणागत छू स्वामिन् गर्नुहोस् पूर्ति कामना ।।८।।
माता पिता तनय बान्धव इष्ट मित्र ।
मेरा समाज परिवार सखा कलत्र ।।
यी आदि हुन् चरणपङ्कज प्राप्य मेरा ।
श्रीरङ्गसूरि गुरूका पद नै सहारा । ९।।
नाशगर्न अरूले नसकेको ।
अन्धकार कन भीत्र लुकेको ।
शान्ति शीतल मनोहर दिव्य ।
स्वामिका अति सुशोभित शुद्ध–
पाउका नख शिखा किरणैले ।
पारिदिन्छ अघ ध्वंसन पैले ।
यी अपूर्व गुणले भरिएका ।
पाउ पर्छु गुरूकाम हमेसा ।१०।
श्रीलक्ष्मीपतिलाई पाउन भनी इच्छा लिनेका सब
श्रीमद्वेद-हिमालका शिखरमा घुम्ने ति सुन्दपंद ।।
श्रीप्राप्ती फल चाहने सुजनमा वर्षाउने सम्पद
यस्ता सद्गुरू रङ्गसूरी पदमा पर्छू हुँदै गद्गद ।१
परमेश्वरको करूणा रहदा लिनु भो अवतार विलक्षणका ।
जसको अभिमत्- सहयोग विना भवसिन्धु सुकाउछ को ? भ
शरणागतका वरणीय पति हरिको पददायक दिव्य गति ।
मन रङ्ग गुरूत्तमका पदमा शरणागत छू अवहोस् करूणा ।१

पद्य–अनुवादक:- श्रीस्वामीजीमहाराजको चरण चञ्चरीक
जनार्दनाचार्य देवघाट

श्री पराशर भट्टार्य कृत दुवै अष्ठ श्लोकि तथा वानाद्रि मुनि प्रपत्ति भाषामा छायाँ मात्र श्लोक वद्ध लेखेको छु संस्कृत मूल लेख्न ग्रन्थ विस्तार भयले सो लेख्न असमर्थ भएं। यसमा क्षमा प्रार्थी छु। इच्छाहुने महानुभावहरूले कतिपय स्थानमा संस्कृत मूल पाइन्छ उत्सुकता लिइ खोजि कंठ गर्नु भए अर्थ बुझ्न सजिलो हुनेछ।

म कहिले मायाका परकि बिरजा पारि तीरमा।
परैं श्री वैकुण्ठे अधिक रमणी हेमपुरीमा ॥
ठूला राम्रा घरमा अशल मणीका मण्डप महाँ।
विराजमान् शेषजोमा प्रभु श्री पदमै गैरहुँ वहाँ ॥

कूरेश मुनिका पुत्र रंगनाथका पुरोहित।
पराशर मुनिका पाउ शरण पर्छु धरी शिर ॥

अयोस्वरको अर्थ जगत रची रक्षालय गरी।
लिला गर्ने विष्णु अधिपति उ सर्वेश्वर हरि ॥
मको यो भो अर्थ चर अचर वस्तु हरिजोको
लिलाको सामाग्री मनु शरीर हो की अतिनीको ॥
उको यो हो अर्थ अनन्य स्वरूप दुई अरमको।
मिलेको संवन्ध त्रिविध विज ओंकार छ मिठो ॥

१

ब्रह्म वाचक मंत्रका विच नमः यो शब्दले वलगरी
मानवको स्वरूप ज्ञान र गति प्राप्ती हुने श्रोहरि
शिक्षादिन्छ अघिपछि ननरदी आफं अगाड़ि रही

स्वतन्त्रै भई आफ्नु यत्न कृत दोष दृष्टि अगाडि दिई
सहज वृत्ति अशल अन्यत्र कृत दोष दृष्टिपछाडि दिई
आफ्नै लागि प्रयत्न दोषहरू पनि आफै अगाडि सरी।
नासी दिन्छ सहायता दिइ नमः देखाउँछ श्री हरि

२

अको अर्थै कोम अनुचर मलाई महोइन
अविनासो चिजको शरण हरिहुन् अन्य छयीन
अविनाशी वस्तु समूह जसको स्थान पनि हो
उ नारायणैमा विभूति द्वय निर्वाह कहियो
उहाँकै निम्तिमा समय र दशा देश सबमा
बने जो सत्कर्मँ म नभई पुगुन सैन्य रूपमा

३

ज्यूमा आशक्त बुद्धि छ त पद तृतीय तिमी राम्ररी जांन
स्वतन्त्रैले घमण्ड छत पद प्रथम प्रेमले आफ्नु मान
सेवक हैनौ इतर विषयको दोसरो पद पढी ल्यौ
छैनौ रक्षेक आफ्नै नमः पद पढदै स्वामीमा नै बढीजौ
नारायण चार अक्षर पढि गुनि त्यजहै वन्धु आशक्त भाव
त्यैचौथो पद पढेरै विषय चपलता त्यगिद्यौ के छ लाभ ।।

४

ईश्वरी नित्यसङ्ग भै शुभ गुणहरू घेरु उत्पत्ति दिव्य देह
उपायै योग्य ठाउँ युगस अनुपम प्राप्य वस्तु प्रसिद्ध
सेवा साम्राज्य मागी विरोधी कन नमः नासि निर्मुल पाछं
दश अर्थ खण्ड दोटा छ पद पनि छन् वेदको सार रथं
रक्षक यो मंत्ररत्न मनन-श्रनको आखिरी मुक्त गर्छ

५

ईश्वरी भवका अधीशकि प्रिया संगी सधैं श्री जीका
शरणामै हरिजो अनन्त गुणवान् शरण्य नै योग्यका ।
परीपाउ उपाय इष्ट श्री संगै आत्मेशका निम्तिमा ।
कैं कर्म गरने नराखो त्रुटि क्यै सधैं हटाइ भ्रम ॥
मत्प्राप्ती गरनै जति कहिदिये सबधर्म खुब छाडियो ।
मेरा निम्ति म एक भै शरण हो छौ आर्थ चिन्ता नल्यो ॥
निम्रानिम्ति विचार युक्त वहुतै ज्ञानादि पूर्णै छुनि
मत्प्राप्ती प्रतिबन्ध दूर गरूला पीर मान्नु पर्देननी

७

निस्वै नै प्रभुका अधीनम उपज्ञानादि यै कर्महरू
गर्न त्याग्न प्रपत्ति निष्ठितन भै दुःखी भयें के गरूँ
यस्तो ज्ञान म माथि जो कहिएका सम्पूर्ण पापनास्पनो
गर्नु हुन्छ दृढै छु सारथी हुंदा अन्तीमका बात्सुनी

८

इति

pdf.upayogibooks.com

## दोस्रो द्वयार्थ सँग्रह

१

संबन्ध पनि जान्नु छ स्वभावैका श्री ईशको ।
सर्कोले कहिने व्यापक हरिको शेषहुँ निको ॥
मेरालागि पनी हुंन अविनाशी परेशको ।
सधैं नारायणै निम्ति सेवा म गर्दछु मिठो ॥

२

चिताउँ मन्त्रको अर्थ यस्तै प्रात उठी सधैं ।
स्वरूप आत्मको ज्ञान अर्थ जानेर मंत्रने ।।
स्वरूप🕉 आत्मको ध्यान वृत्तिता द्वयमंत्र यै

३

जगतको ईश्वरी नित्या जगत् आश्रय धारिणी
अनन्या हरिको प्यारी जगत्को उपकारिणी

सधैं लक्ष्मी संगै बस्ने गुणवान् परमेश्वरः।
तत्पादौ शरणं पर्छु अकिन्चन् भै लिई भर ।।

बसेका लक्ष्मीका साथ परमात्मा हरिजिका ।
प्रेमानुसार वहाँकै कैंकर्य गर्दछु निका ।।

यस्तै द्वयार्थ संझेर चारै स्वकर्म छन् जति ।
उपाय भाव खुब् त्यागि वहाँका शरणै पुगि ।।
निर्लिप्त भै गरूँ कर्म प्रभुकै तुष्ठिमा झुकी ।

इति

---

🕉 श्लोकको भावानुसार अङ्क राखिएको छ ।

श्रीमते रामानुजाय नमः श्री मद्वर वर मुनये नमः

## श्री वानाचल महाँ मुनये नमः

## अव निगम पडी

## ॐ नमो नारायणाय

श्रीमत् कृष्ण शमा ह्वाय यामुन सुतमा नमः
कटाक्ष एकलक्षैका सुलभ कृष्ण दिन् दिन

### अष्टाक्षर मन्त्रको अर्थ भाषा वद्धमा

यो मन्त्र राज बिचमा पर्दछन् तिनौटा
आठैंवटा अक्षरले खुलेका
जो प्रेम गर्छ विधिपूर्वक एशलाई ।
अप्राप्य वस्तु पनि मिल्दछ तेबलाई ।।

१

पैला पदैमा भइ तीन अक्षरः
अकार उकार मकार साक्षर
दोश्रो पदै अक्षर दुई बनेका
अखण्ड सोखण्ड नमः भनेका

२

तेस्रो पद पनि पाँच वर्ण हुन गै नारायणाय भयो
मनन् गर्दछ कोही व्यक्ति भवको संम्पूर्ण वाधा गयो
मनन् यो विधिछ श्रीवद्री पुरीमा नारायणै भन्दछन्
आठै अक्षरको त अर्द रसिलो नर शिष्य भै सुन्दछन्

३

नार अयणमा चतुर्थी मिल्दा नारायणाय भयो
यस्को अर्थ विचारी बक्सनु हवस् तिन्वेदको साछंयो
सबका कारण सर्व रक्षक सबै कल्याण गुणका धनी
लक्ष्मीका पति सर्वशेषी भगवान् अकारको अर्थनी

४

अरूको मत दाश हैन श्रीहरिजीको सदा दाशहुँ
उकारार्थ रहस्यले हरिजिको दासत्व नै खास हुँ
स्वात्मज्ञानि स्वयं प्रकाश प्रकृति देखि अलग् नित्य नै
आनन्दी अति सानु ज्ञान गुणवान मकारको अर्थ यै

५

इति

स्वाभिमान छुटि ममत्व नहुँदा स्वरूप शुद्धी भई
म्हाहै नै परतन्त्र दाश अनुभव तदियता मा रही
बस्ने जो परतन्त्र चेतन कनै उपाय आफै हुन
खडा भै नम शब्द गर्जन गयो आश्रितको पाप् धुन

जड् चेतन्हरू धेर नित्यभनने यो नार शब्दै भयो
वंश ज्जात नार व्याकर्ण भनछ रहस्य यस्तो छ यो
धारक व्यापक प्राप्य बन्धु सबका नेता जगत करण
आश्रुत चेतन पोस्न यो अयनले गऱ्यो सदा धारणा

सेवा श्रीहरिको सधैं गरूँ भनी यो आय भन्ने भयो
जप्ता जानि रहस्य मृत्यूर जन्म बाधा छुटाउँछ यो

छाडि नारायणैलाई उपाय अरू खोजन
यस्तालाई अ को अर्थ नम्रागी जप मं हुने
संकुन्छ आफु स्वतन्त्र चतुर्थी अर्थ छुट्टाछ
अरूको दास संकेमा उकार अर्थ कट्नछ

देहै हुँ भनने मूर्खलाई मकार छोड्दिने
स्वतन्त्र भै आफ्नु रक्षा आफु नै गर्न खोजने
श्रीवैष्णवे साम्य भाव उपाय खोजने अरू
छोड्दिन्छ नम शब्दैले मूर्खमा अब के गरू

जड चेतन दुवै वस्तु ईश्वरैको शरीर हो
गरे विरोध यिन् माथि आय शब्द त छुट्न गो
सन्सारीमा बन्धु भाव गरे अयन भाग्दछ
शब्दादि भोग्य बुद्धिले चतुर्थी पर लाग्दछ

अकारार्थ स्वरूपैले पिता पुत्र बताउंछ
अवरक्षण धातुले रक्ष्यरक्षक बन्दछ
अमालुप्त चतुर्थीले शेष शेषी भनी कह्यो
उकार अर्थले फेरी भर्तृ भार्या भनी दियो

ज्ञातृ ज्ञेयादि सम्बन्ध मकार उठि भन्दछ
स्व स्वामि भाव भात्र सम्बन्ध नम शब्दार्थ जान्दछ
शरीर शरीरी भाव सम्बन्ध नर शब्दले
आधाराधेय सम्बन्ध अयन भन्छ जोरले

ओंाय शब्द उठि भन्छ भोक्तृ भोग्य छ यो भनी
सन्बन्ध नउको मन्त्र प्रणाम गरनु पनि
तात्पर्याथं र वाक्याथं प्रधान अर्थको पनि
अनुसन्धानको अर्थं अष्ठाक्षरमा त के छनी

तात्पर्यं वेद शास्त्रैले रूचि भै अपनाउँछ
हार्दिकी हरिको भाव यो वाक्यार्थं वताउँछ
निर्णय आत्मको भाव प्रधान अर्थ भन्दछ
नवै सम्बन्ध ज्ञान हुदा अनुसन्धान बन्दछ

इति द्वितीय रहस्य

pdf.upayogibooks.com

# श्रीमन् नारायण चरणौ शरणम् प्रपद्यो

श्रीमते नारायणाय नमः

## द्वितीय रहस्य

लिनु होस् द्वयमन्त्रको परिचय लेख्छु म जाने जति
वैकुण्ठै बसि लक्ष्मी प्रश्न गरने बताउने श्रीपति
छवोटा पदछन् र अर्थ दश छन् अक्षेर पच्चिसको
पैला पन्द्र र दोसरो दशवटा अक्षेर दुईखण्डको

अहो श्रीमन्नारायण र चरणौ दुई शरणम्
प्रपद्ये भो वेस्रो अनित श्रीमते चार बरणम्
भयो पाँचो नारायण नम त छैठौं पद भयो
विधि मन्त्र रत्न गनी गनी छ वोटा पद छ यो

श्रीमन्नारायण चरणौ शरणम् प्रपद्ये
यो पन्द्र अक्षर द्वय पूर्व मध्ये
अक्षर दशोटा पर भाग पर्छ
यो मन्त्र चिन्ही अब जान अर्थ

श्री भो एक् दुइ मन नारायण तीन चरणौ चारौं भयो
पाँचौं भो शरणं प्रपद्ये छयिठौं सातौं श्रीमते छ यो
यो नारायण आठमा रहन गो यो आय नौ मा गन
दशौंमा नमः अर्थ भो अब तिमि पदार्थं लौ जानन

श्री यो नाम छ दिव्य ब्रह्महिपी दुवै जगत्की मुमा
शिफारिस बलियो छ चेहन उपर गर्ने पर ब्रह्ममा
देखि दोष अगाध-चेतन विषे दयाहुँदा ढलपल
होला दण्ड कहिकी संकित भइ साथै हुने पलपल

शिफारिश गरि श्री सदा रहिदिदा दया बलियो रही
आश्रृत चेतन दोष गो प्रभुजिमा वात्सल्य बृद्धी भइ
मेरा आश्रृतमा त छैन कहि दोष भए त मै भोग्दछु
मै नारायण हुँ र आश्रृत महा दया कहाँ त्याग्दछु

सौलभ्यादि दिव्यगुण लक्ष्मीका आश्रयै पनि
विलक्षण दिव्य देह चरणौ उठि भन्छनि
शरणं मोहनी मुर्तीलाई उपाय भन्दछ
प्रपद्ये शरणार्थिमा आफै उपाय बन्दछ

दुवै श्री ब्रह्म उपाय श्रीमतेवाट जानिने
मिथुनी भाव कैंकर्य माग्दछ भनि ठानिने
नारायणैमा त सबका स्वामी सेव्य भनिकन
उठ्यो नारायण: शब्द कराइकन छिन् छिन्

प्रभूका चरणै मानै कर्म वृत्ति समर्पण
आय शब्द उठी झन् गरिरहेछ गर्जन
सद्वृत्तिको विरोध गर्ने अहङ्कार हटाउँदै
नमः शब्द उठी गर्ज्यो ममकार धपाउँदै

तात्पर्यार्थ र वाक्यार्थ प्रधान द्वयमंत्रको
अनुसन्धानको  अर्थ यो पनि जाननु छ यो
आचार्यैले रूचिगरी लिदा तात्पर्य यहि भो
निर्णय जीवको गर्नें वाक्यार्थ यही देखियो

लक्ष्मी र हरिको सेवा दृढ प्रधान अर्थ छ
संझनु आफ्नु दोष अनुसन्धान अर्थ छ
संझेर द्वयको अर्थ हर्षले भइ गद्गद
अन्जली बाँधी सप्रेम  हुनु है नतमस्तक

**संक्षिप्तार्थ**

सदा श्रीमन्नारायण श्री पदमा छु शरणम
सुनि हेंतु सेवा युगल पद लागि छु नमः
ई नै अमृत बाणी मम ईश्वर नामा बसिरहुन्
पराई दुख दीने मलीन कुवचन्दूरति छउन्

# अथ चरम श्लोक

## तृतिय रहस्य

सर्वं धर्मान् परित्यज्य मामेकं शरणं व्रज
अहंत्वा सर्वपापेभ्यो मोक्षयी श्यामि मा सूच

### यसको भाषा छन्द

चरम श्लोकको दिन्छु क्यै संक्षेप परिचय
नजानि कन क्यै वस्तु प्रेम हुंदैन निश्चय
महाभारत युद्धमा अर्जुनको भई सारथी
कृष्णले सैन्यका विच भनेको मुख्य सारलो

चरम श्लोकको खण्ड दुई एघार चनपद
बत्तिसाक्षरले युक्त सरणागती संपद
'सर्व धर्मान्' एक पद "परित्यज्य" भयो दुई
'मां' तेस्रो चतुर्थो 'एकं पाचौ भो शरणं उहि

व्रज छैठौं 'अहं' सातौ आठौ 'त्वा' पद मानयो
नौ भयो 'सर्वपापेभ्यो' दशौ 'मोक्षयिष्याम' भो
'माशुच' पदमन्दामा पुरा घएार पुग्नगो
चरम श्लोकको अर्थ जान्नलाई मदत पुगो

पैलो पद सर्वं धर्म अन्य उपाय भन्दछ
छाड्यो ति अनुपाय हुन् पद दोस्रोत भन्दछ
ठीक्क उयाय यो भन्दै माँ यो पद अगिसरो
एकं यो पदले भन्छ उपाय हरिछन् जरो

शरणं डटी यो भन्छ उपाय वलियो भनि
ब्रछ भन्छ स्विकार गर्नु अरु चाहिन्न क्यै पनि
उपाय शक्तिशाली हो अहं यही वताउछ
त्वा यस्ले शरणार्थीको स्वरूपलाई जनाउँछ

नो पद प्राप्तिका साह्रा विरोधिहरू गन्छन
हटाई दिन्छु म सबै मोक्षयिष्यामि भन्दछ
अकिन्छन भै निर्भर हौ नडर भन्छ माशुचः
चरमार्थ बुझि संझी प्रेम्लेहौं नत मस्तक

तात्पर्याथं र वाक्यार्थ प्रधान अर्थको पनि
अनुसन्धानको अर्थ के के हो जाननु अनि
सप्रेम ब्रह्मले चेतन लिदा तात्पर्य अर्थ भो
वाक्यार्थं शरणार्थीको निश्चित् गर्छ स्वरूपको
ब्रह्महुन् सर्व सुलभ प्रधानार्थं वताउछ
भरपर्नु कृपा मा नै अनुसन्धान अर्थछ।

–इति–

# सुलभ गुरु श्री रामानुज

श्री गोष्ठीपुर दिव्यदेश कन जो वैभव बढाई कन ।
गोष्ठिपूर्ण गुरू निवास गरने मंत्रार्थमा दी मन ।।
श्री रामानुज भाष्यकार मुनिका एकहुन् गुरुपाँचमा ।
लिनुभो गुरूले यतीश्वरकनै अठारवार जाँचमा ।१।

रहस्यैत्रय गूढ अर्थ वहुतै जान्ने गुरुजी कन ।
जानीवक्सनु भै यतीश्वरजीले सप्रेमले दी मन ।।
जानुभो गुरू ज्ञान लुब्धवनि खुव अठारवार कष्टले ।
हँ हँ हुन्छ भनेर सत्रपटकै टारेर अष्पष्टले ।२।

श्रद्धा धेर बुझि अठार दिनमा वरिष्ट सतैंगरी ।
रहस्यार्थ दिनुभयो गुरूजीले नृसिंह साक्षो धरी ।।
जीवन मुक्त भयौ भनी अभयदान दिनुभएथ्वो जव
हर्षैले प्रीतिभै यी चेतन महा ती शर्त भागे सब ।।

चढी गोपुरमाथि सात्विक उपर मंत्रार्थ भन्दीनुभो ।
चौहत्तर जनको मंत्रार्त वलले अज्ञाननै दूरगो ।।
यस्तो हाल सुनेर गोष्ठी गुरुले डाकी अगाडिधरि ।
आज्ञा जो गुरूको अनादरगरे फल मिल्छ के आखिरी?

नरक मिल्क गुरो तथापि मईले मंत्रार्थ शक्तिबुझी ।।
एक्लै मुक्त म के हुनु अरुपनि मुक्ति हउन यो सुझी ।
यो हेतु सबमा प्रकाश गरियो प्रभावभो मंत्रको ।।
चोहत्तर जन मोक्ष प्राप्ति गरनै पाऱ्यो अधिकारयो ।।

यस्तो बात सुनी श्री गोष्ठी गुरुले गौरव गरी हेर्नुभो।
अहो शेषजी यो रहेछन् भनी सप्रेम मन फेर्नुभो ॥
आचार्यत्व पुरा रहेछ तिमीमा मरेछु नाम मात्रको ।
मोक्षदानदिने क्षमत्व हुनगै नाम थप्छु मन्नाथ यो ।६।
मैले जो तिमीलाई सत्रपटकै घुमाउने हेतु यै ।
रहस्यैहरुछन् पटक–पटकमा यिहुन तिमी जान है ।७।

१ अहं, मम नासहुनु मुमुक्षुको जरूरी छ ।
बसी संसारनै भोगी यो देखि भिन्न हुनु छ ॥
गोबर्मा रहने कीरो लोभीकैं बस्छ त्यहि नै ।
मलीन् विकार उसका जीउमा रति हुन्न क्यै ।८।

२ त्यस्तैं मुमुक्षु संसारमा बसी मन् हरिमा दिनु ।
अनाशक्त भई शान्त बनी बस्नु न आत्तिनु ॥
यो हो संसारको बीज नासिदैन अहं, मम ।
बढ्छ झन् गर्व, मात्सर्य बढाईकन छिन् छिन ।९।
३ देहाभिमान नासिन्न अहंकार ममकार हुँदा ।
४ स्वाभिमान रहेसम्म आत्मज्ञान के उदाउला ?
५ भव वैराग्य आउन्न आत्मज्ञान नभै कन ।
६ हरिमा, प्रेम आउन्न भव आशा नगै कन ।१०।
७ नभई हरिमा प्रेंम भव आशक्त जान्न है ।
८ विषयान्तर छुटेमात्रै अधिन हरिको हुने ॥
९ जब सम्म हुन्न ज्ञान पराधिन हरि जो को ।

अर्थ, काम, राग, द्वेष, मल नासिन्न जीवको ।११।

१० राग, द्वेष रहेसम्म वैष्णवत्व नआउने ।

११ वैष्णवत्व हीनलाई सात्विक जनले हटाउने ॥

१२ छुटे सात्विकजनबाट श्री भागवत त्यागदछन् ।

१३ यिनै त्यागिएकालाई श्री नारायण फाल्दछन् ।१२।

१४ जव सम्म हरिबाट जीव मेरो भने विना ।

तब यो जीव हरिको अनन्य हुन्छ पो कहाँ ॥

१५ भगवद्भागवताचार्य बाहेक अरु वस्तुको ।

दासत्व भाव त्यागेमा अनन्य शेष बन्छ त्यो ॥

१६ अरूको योग्य दासत्व नवनी प्रभुको पद ।

यही आधार मानेमा मिल्छ अनन्य शरण ॥

१७ नभै अनन्यशरण अधिकारी हुदैन त्यो ।

१८ अधिकारी भएमात्र मंत्रार्थ लाभ हुन्छ पो ।१४।

–इति–

---

टिप्पणी

१४ भगवत्, भागवत्, आचार्यको सेवा बिना ब्रह्मपदलाई पनि तृण समान संझनेलाई अनन्य प्रयोजन वाला भनिन्छ।

१५ उक्त भगवान् आदिको दास भाव भिन्न, देवतान्तरीय दासत्व मान्दैन भने यो अनन्य शेष भनिन्छ ।

१६ अधिकारी भनेको उपाय उपेय आचार्य अथवा भगवान मात्र मान्नेवाला कहिन्छ ।

## अक्षरार्थ मूलमन्त्र

ओ–योभो अ.उ.म. तृवर्ण मिलदा यै बीज तिन वेदको
न–गरभन्छ उपाय स्वाधिन पना अन्यत्रका भेदको
मो–हित पारि दिने म हुँ मम भनि भूलाउने म वनी
ना–नादेह र नित्य मुक्त अबधी नरांस हो जात्पनि
रा–मैमा रमने रमायी रहने राखी उनैमा सूधि
य–हीनैरछ प्राप्य प्रापक सुधा बद्धादि नित्यावधी
णा–यो अक्षर सम्म स्थान, मिलि गो एस्कै म पर्छुभर
य–ही व्यापक मंत्र राज छ सुधा के? अन्त जानुछर?

## गायत्री अक्षरार्थ

तत्सवितुर्वरेण्यंभर्गोदेवस्य धिमही धीयो योनः प्रचोदयात्

तत्–तत वस्तु कनै प्रकाश गरने आफ्ना किरण् ले भरी
स–बै प्राणी कनै दिने परिचय तेजी प्रकाश ले गरी
वि–ना सूर्यत कालको परिचय हुँदैन कत्ति एसै
तु–रुन्तै भव को परिस्थिति पनि स्थगीत होला उसै
ब–लीयो उहि कालले बल गरी ब्रह्मादि खायी लिने
रे–खा भिन्नत ब्रह्मले उस कनै पैदा गराई दिने
णी–यंसाथ सुपुजनीय उनि छन् चरा चरै बाटनै
यं–आदि जति साधना दिनु भयो बिरोधि सब काटनै

भ–र्दँ तेज ई सूर्य देवहरूमा तेजभीत्र आफै पसी
गो–गोपाल हरू सुपालन पनी गर्ने तदन्तर वसी
दे–वान्तर भई ब्रह्म काम गरने निमित्त छन् सूर्य नै
ब–रूण ईन्द्र कुवेर लोकपति यी निमित्त नै छन् सबै
स्य–हार गर्नु हुने दुवै विभूतिका छन् ब्रह्म एताउता
घी–रा भैकन चीह्नी ब्रह्म कन लौ पर्छु शरण्मामता
म–हा पाप छुटाउने प्रभुकनै छाडैर जाउँ कहाँ
ही–लो कै भवमा डुबेर रहने छु लौ अकिंचन यहाँ
धी–रत्व नलीयर चंचल हुने यो मेरी दुष्टा मति
यो–आत्मा कन बस्गरायी एषले पारी स्वरूपको खति
यो–बुद्धि कन पक्रि शाषन गरी सुध्यायि पाउँ हरे
न–श्व चिज्कन छाडि सुद्ध रूपले साथ्केहि पाउँ भरे
प्र–चण्डै रूपले प्रभू चरणमा प्रेमी बनुन् शुद्ध धी
चो–री भाव छुटि श्री भक्त प्रभुका खुशी रहुन् ती सुधी
द–या गर्नु हवोस् म बीच नपरुँ यी मेरी बुद्धी सधैं
याद–राखी सुख कर्म देखि नडगुन सनम्र विन्ती छ यै
स्वभावैले आफ्ना पति श्रीहरिको दास म त हुँ
मपितृदेवादि अरू मनिजको सेवक नहुँ
बिभूति दुबैका अधिपति ऊ नारायण प्रभु
वहाँकै पाऊको सब समय सेवा गरिरहुँ
अहो कैल्हे होला कललल हुने भाग्य बलीयो

स्वतन्त्रै हेतूले अहहह कठै व्यर्थ छलीयो
स्वयं आचार्यैको अलिकति दया भैकन अहो
भवाब्धीको तीर्माजसतस् चरण् पुग्न अवगों

pdf.upayogibooks.com

---

नोटः- माथिले हरिकोमा हरिकी र दासकोमा दासी राखेर पढ्नु होला।

# गुरू शिष्यमा नवबिध संबन्ध

अष्टाक्षर मंत्रार्थमा आत्मा र परमात्मा बीच नौ प्रकारका संबन्ध वताइएकोछ । जस्तै– पिता पुत्रः' रक्ष रक्षक शेषशेषी भर्तृ भार्या, ज्ञातृ ज्ञेय, स्व स्वामो भाव, शरीर शरीरी आधार आद्येय र भोक्तृ भोग्य सम्बन्ध । यसरी नै गुरु शिष्यमा पनि नौ प्रकारका सम्बन्ध छन् भन्नेकुरा निम्न लिखित आधारमा पुष्टि गर्न सकिन्छ ।

यो आत्मा अनादि काल देखि देह सम्बन्धले देहलाई नै अपनाएर म फलानाको छोरो, फलानाकी छोरी, फलानाकी श्रीमति, फलानीको श्रीमान् भनेर आफू भनी भुली रहेकालाई देहादि भिन्न ज्ञान दिई नष्ट प्राय भएको आत्मालाई पुनः पैदा गराई नवबिध भएका परमात्मासंग सम्बन्ध जोडीदिनु भएकोले गुरूशिष्यमा पिता पुत्र सम्बन्ध छ भन्ने स्वतः सिद्ध छ । अनुचित कर्मबाट हटाई उचित कर्ममा लगाउनुका साथै अधपतनबाट बचाउने दायित्व पनि गुरूमानै भएको हुँदा रक्ष रक्षक सम्बन्ध सिद्ध हुन्छ । गुरूको सर्वविध सेवागर्न शास्त्रको प्रवल वचन हुँदा शेष

शेषी सम्बन्ध स्वतः प्रष्ट छ । संपूर्ण रहस्यज्ञान गुरूका श्री मुखद्वारा शिष्यले आफ्नोकान देखि स्वोदरको उर्द्ध भाग अर्थात हृदयमा भरेर आचार विचारको अनुसन्धान ले रहस्यज्ञान पुष्टगरी स्वमुखबाट पैदा गरेर जिज्ञासुलाई ज्ञानदिने क्षमता हुँदा र भरती ति "भर्ता" अर्थात भर्तुं अर्हती ति भार्या । यस्तो ब्युत्पत्ति भै गुरू शिष्यमा भर्तृ भार्या सम्बन्ध सिद्ध हुन्छ । यो आत्मा विभूतभै ज्ञानानन्दमय अणु भएकोले श्रुतिपनि "एष अणुरात्मा चेतसा वेदितव्य', भन्छिन् भने गीता चारीले– "नित्यसर्व गत स्थाणुरचलोऽयं सनातनः" भन्नु भएको छ । 'ओं' को ब्युत्पत्ति गर्दा- अ, ऊ, म यस्तो भै म हलन्त छ, तसर्थं मकार वाची आत्मा जाती अचल भै आनन्दमय छ । यसको सम्बन्ध अकार वाची परमात्मासंग मात्रै भएको हुँदा यसले भोगीरहेको छ । यस्तो जीवात्मालाई स्वरूपको यथार्थ ज्ञान गराउने गुरूनै हुने हुँदा र शिष्यले गुरूपद नित्य स्मरणगर्न शास्त्र सिद्ध भएकोले गुरू शिष्यमा ज्ञातृ ज्ञेय सम्बन्ध स्वतः प्रष्टिन्छ । आफ्नू शिष्यत्व प्राप्ति भएको व्यक्ति कुनै कारण टाढा भएतापनि मेरो शिष्य अमुक भनेर गुरूले बराबर खबर र स्वरूप संझीरहनु हुन्छ । यसरी आफ्ना शिष्यप्रति बराबर संझिनु स्वस्वामीभाव सिद्ध हुनु हो । गुरू असक्तभै शारीरिक काम गर्न असमर्थ

भएको अवस्थामा सबैभार शिष्यलेनै गर्नु पर्ने र सत् असत् दुबै कर्ममा बराबर सहभागिता बन्ने हुँदा गुरु शिष्यमा शरीर शरीरि सम्बन्ध छ भन्न सकिन्छ। यसै गरी शिष्यको आत्मा तथा देह यात्राको निर्वाहक गुरुले हुनेहुँदा आधार आधेय सम्बन्ध सिद्ध हुन्छ। त्यस्तै शिष्यको जिउ धन निर्वाहक गुरू नै हुन् भनी उत्तोजना पूर्वक शास्त्र गर्जने हुँदा भोक्तृ भोग्य सम्बन्ध पनि सिद्ध भएको प्रमाणित हुन्छ।

अष्ठाक्षरको अर्थ ४ मा भर्तृ भार्या सम्बन्ध बताइएको छ। कतिपय नारीहरु पनि शिष्या भै रहेका छन्। के यो सम्बन्ध गुरुमा घट्न सक्ला र? भन्नु हुन्छ। (आचार्य रुपं मांबिद्धि)

"आचार्य मां बिजानीयान्नावमन्नेत कर्हिचित।

नमर्त्य बुध्या सूयेत सर्वदेव मयो गुरु।:

श्रीमद्भागवत् स्कन्द ११ अ. १६ श्लोक २७ अर्थात मलाई नै आचार्य सम्फेर कुनै अवस्थामा पनि मानवी दोष दिएर अपमान नगरियोस् भन्ने भगवद्वचन भएको र 'सर्भेषां देवानां'– सबैवेवताका देव भगवान् 'तन्मय' गुरु भनिएको छ।

चूडामणि टिकाकार वार्तामाला १३८ मा धनुर्दास जीले दासरथि प्रति प्रश्न गर्दा स्वामी-शिष्यको लक्षण

भार्या कै अनुसन्धान गरिरहनु पर्छ भन्नु भएको छ। यसैगरी १३९ वार्तामा अनन्त आल्वार कुरेश स्वामी प्रति प्रश्न गर्दा स्वामी भन्नुहुन्छ, आचार्य लक्षण भर्ताकै शरीर कै र धर्म कैं आचार्यले अनुसन्धान गरिरहनु पर्छ। अर्थात् गुरुले शिष्यलाई जसरीहुन्छ रहस्यज्ञानको बोध गराउन, स्वरुपानुरुप राख्न र परमात्मा प्रति भक्ति बढाउन दत्तचित्त हुने। शिष्यले पनि पाएको शिक्षा स्वहृदयमा भरेर तद अनुष्ठानमा रहने। यसरी विचार गर्दा गुरु शिष्यमा नवविधं संबन्ध पूर्णतया घट्दछ। शिष्य भूता नारीमा पनि यही सम्बन्ध घट्तछ। ज्ञानोपार्जन भाव वाहेक गुरू चेलीमा शारीरिक दाम्पत्य व्यवहारको मानसिक अंकूर मात्र आउनुपनि घोरपाप हो। अष्टाक्षरी पैलापदमा गुरु शिष्यमा पितापुत्र भएपछि पुत्रीपनि हुनु स्वभाविकै हो। हुनत स्त्री होस् वा पुरुष दुवैको आत्माजाती एकै भएको हुनाले शारीरिक विभेदको आधारमा स्त्रीपुरुषको भेद देख्नु लौकिकता मात्र हो। ज्ञानीले आत्मा र परमात्मा सम्बन्धि रहस्यज्ञानको अनुसन्धान मात्र गर्नेहुँदा सामान्य कुराको विभेदले छुनै सक्तैन।

इति

# नारायण स्वरूप गुरू

गुरू शिष्यमा नवविध सम्बन्ध भएकै गुरुलाई नारायण परब्रह्म तुल्य सम्झिनु कुनै अत्युक्ति हुनेछैन। गुरु मानवी शरीर भएतापनि सदुपदेश वेदपुरुष भनेर पर ब्रह्म लाई नै भनिन्छ। सदुपदेशको भकारी रहस्यत्रय हो। यसको अर्थ मर्त्यमयी गुरुभै श्रीमन्नारायणनै बताउनु हुन्छ। सामान्यजनको क्षमता छैन।

वेदको रहस्यज्ञान शठकोपादि पूर्वाचार्य हरूले गर्नु भएको सूत्ररुपको रहस्यज्ञानलाई श्रीरामानुज स्वामीज्यूले विशेष व्याख्या गरी बक्सियो। लोकार्यादी परमाचार्य हरूले अरु सरल गरी तदनन्तर श्री बरवर मुनिज्यू बाट अति सरल बनाई निम्नकोटिका व्यक्तिहरूले पनि बुझन सक्ने व्याख्या गरी बक्सियो भने तोताद्रि जीयर आदि स्वाचारीहरुबाट हामी जस्ता अकिन्चनलाई श्रवण गराई ज्ञान दृष्टि दिबक्सियो। अझ अनन्त दयागरी श्री रङ्गदेशिक स्वामी ज्यू बाट द्रविड भाषामा भएको दिव्य प्रवन्धलाई देववाणी भाषामा छाँया गरी बक्सिएको हुँदा हामी

जस्ताले पनि ज्ञानचक्षु प्राप्त गर्न पाएका छौं । भनिएको पनि छ–

"तोलाभर पनि ज्ञानहीन जनमा दयागरी प्रेमले
ताजा भक्ति र ज्ञान भर दिनुभयो आचार्यका नेमले ।'

अतः श्रीमन्नारायण गुरुबाट चलिआएको रहस्य ज्ञानन मर्त्यरुपीगुरु बताउनु हुन्छ । यस्तो भगवत् प्रापक रहस्यज्ञान दाता गुरु हुनाले गुरु अत्यन्त माननीय, पूजनीय र स्मरणीय हुनुहुन्छ । विकारमय शरीरको दुषित गुणलाई पछाडिराखी ज्ञानरुपी मूल भूत गुणलाई संझी तन, मन, धनले पूजन, अर्चन तथा स्मरणगर्नु शिष्यको परम कर्तव्य हो । गुरु परंपरामा- श्री शः श्रीः शैन्य नाथन् "भनेर" लक्ष्मीनाथ समारंभां · · · · अस्मदाचार्य पर्यन्ताम् · · · भनिएको छ । तसर्थ गुरुलाई परब्रह्म नारायण सम्झिएर आफ्नो कैंकर्य गर्नु पर्दछ । गुरुको शारीरिक दोष देखि वहांप्रति हेयदृष्टिले निन्दाको अंकुर मात्र आयो भने पनि मोक्षता परैरहोस् नरक प्राप्ती समेत नभै कल्पौसम्म पिशाचहुनु पर्नेछ ।

इति

# भागवत् अपचार निरूपण

पूर्वोक्त सभक्ति, ज्ञानानुष्ठान चरमोपायनिष्ठ हुनेलाई सजीवन मोक्ष सिद्धछ तर भागवत् अपचारी छ भने स्वरूपानुरुप व्यक्तिको पनि दग्ग वस्त्रवत् फल मिल्छ भन्ने शास्त्रीय प्रमाणका साथै भगवत् तथा पूर्वाचारीहरुको महावाणी छ ।

एकदिन श्रीरामानुज स्वामीजीका मनमा अत्यन्त आतित्वभाव प्रकट भएछ र श्रीरंगनाथ भगवान्‌लाई शाष्टाङ्ग प्रणाम गरी शारीरिक असमर्थताले गर्दा यस संसारमा रहने अनिच्छा प्रकटगर्दा श्रीरंगनाथ भगवान्‌ले सबैको निर्वाहक म आफै छु त्यसको लागि तिमीले चिन्ता लिनु पर्दैन भन्दै अलिक दिन यहीरही तिमीले लोकोद्वार गर्नुछ भन्ने आज्ञा हुँदा प्रभो ! अब कैकर्य गर्न असमर्थ छु र शीघ्रनै श्रीचरणकौ नित्यसेवा पाउन विनय गर्दछु भन्ने श्रीरामानुज स्वामीजीको प्रार्थना सुनेपछि चारदिनका दिन परम पद जानेछौ भनी श्री रंगबाट आज्ञा भयो । यो सुनेपछि मेरो प्राप्य देश मेरा चरमावधी सम्बन्धीहरुले

पनि प्राप्तगर्न पाउन् भनी प्रार्थना गर्दै मठमा गै शिष्यवर्ग-का साथ अनूक्तपूर्व व्याख्या गर्न लाग्नु भयो। यस्तो नवीन व्याख्या सुनेर सम्पूर्ण श्रोताहरूले अनुक्तोपदेशको अर्थ सोधनी गर्दा आफू चतुर्थ दिनमा परमपद जाने उत्तर दिनुभयो। यस्तो भयावह उत्तर सुन्दा श्रीवैष्णवहरुले विविध प्रकारले आत्महत्या गर्न निश्चय गरे। यस्तो थाहापाई भाष्यकारले अविधेय आत्महत्या गर्नेलाई सचेत गराउँदै भन्नु भयो, म श्रीयामुन मुनि स्वामीको सपथखाई भन्छु त्यस्ता हत्यारालाई मेरो सम्बन्ध रहनेछैन।' यो सुनी श्रीवैष्णवहरु अति आर्त भएर प्रभो ! हामीहरू यस संसारमा कसरी रहनु भनी प्रार्थना गर्न थाले। यस्तो प्रार्थना सुनेर स्वामीजीबाट आज्ञा भयो कि संपूर्ण वेदहरू-मा सम्पूर्ण शास्त्रहरुमा, सम्पूर्ण दिव्य प्रबन्धहरुमा र सम्पूर्ण आचार्य प्रबन्धमा विचार गर्दा यही निश्चय हुन्छ कि मुमुक्षु अधिकारीको लागि "द्वय" विना मन्त्र छैन। श्री लक्ष्मी नारायण विना वस्तु छैन। गुरु भक्ति विना मोक्ष छैन। भागवतापचार अर्थात भक्तहरुको निन्दा तथा तिरस्कार विना विरोधि या पाप छैन। भनिएको पनि छ

भागवतापचारास्तु बहुधा सन्ति नित्यशाः।
तत्रापि द्वादशा मुख्या दुर्जया राक्षसो पमाः ॥
तेहि जन्मस्य देहस्य पाकाश्रम निरूपणम्।

तथैवा वयवालस्य वास बन्धु निरूपणम् ।।
प्रकाशश्च प्रकारश्च वर्तनं दोषएवच ।।
निरूपणं नकुर्वन्तु पापभी रत्र वैष्णवाः ।।

१) **जन्म निरूपणम्**– भगवान्का भक्त हुन भगवत्कृपा बाट मात्रै हुन्छ । भगवत् भक्तहरू विश्वलाई नै पवित्र गर्दछन् भन्ने सकल शास्त्र सिद्ध छ । भनेको पनिछ– "येकण्ठ लग्न तुलसी · · · ते वैष्णवा भुवन माशु पवित्र यन्ति ।" भगवान् विश्वलाई शुद्ध गराउन अनेक देशमा, अनेक जातीमा, अनेक शरीरमा आफ्ना भक्तको अवतार अर्थात् जन्म दिनुहुन्छ । भनिएको पनि छ"–

शूद्रं वा भगवद् भक्तं निषादं श्वपचं तथा ।
विक्षते जाति समान्यात् सयाति नरकं नरः ।।
नशूद्रा भगवद्भक्ता विप्रा भाववतास्मृताः ।
सर्ववर्णेषु ते शूद्रा येह्य भक्तक्ताजनार्दने ।।
यः पश्यति सुभाचारं वैष्णवम् वीतकल्मषम् ।।
सर्वे यस्निन कुले जातः प्रणमेद्दण्डवद्भूवि ।
किमप्य त्राभि जायन्ते योगिनः सर्वयोनिषु ।।

प्रत्यक्षितात्मनाथानां नैषां चिन्त्यं कुलादिकम्

इत्यादि सकल पुराणहरूद्वारा सर्बत्र वैष्णव भक्त-हरूको जन्म हुन्छ । तसर्थ जन्म निरूपण गर्न महानि-

षिद्ध छ। भनाई पनि छ– "रोटी बेटी विना जातको क्या काम"। २ शरीर निरूपणः- नर, नारी, पशु, पंक्षि आदि शरीर धारी यस निरूपणः- अन्तरगत पर्दछन्। शेष सर्प-शरीर, गरूड-जटायु-पंक्षि-शरीर, गजेन्द्र, सुग्रीब, हनुमान आदि पशु-शरीर, प्रल्हाद, विभिषण, महाबली राक्षस-शरीर, गोपी आदि नारी-शरीर धारीहरूता अनगिन्ती छन्। यस प्रकार देव, मनुष्य, पशु पादपादि अनेक शरीर धारी महात्माहरू विश्व नै पवित्र गर्न जन्म लिएका छन्।

३ पाक निरूपण–

बुढो, तन्नेरी, बालक संझी अवस्थाको पृथकभेद राखी अनादर भाव देखाएमा पाक निरूपण दोषी भइन्छ।

४ आश्रय निरूपण–

अमुक सन्यासी, अमुक वानप्रस्थी, अमुक ब्रह्माचारी अमुक गृहस्थी भनी आदरमा भेद गर्दा अपचारको भागी वनिने हुँदा सबैलाई आदर गर्नु पर्छ।

५ अवयव निरूपण–

अपाङ्ग महात्माहरूलाई देखि उपहास गर्नु हुँदैन। हेय शरीर भएता पनि उनीहरू ज्ञान-भक्ति मात्रले नै अति माननीय छन्। जस्तै अष्ठा बक्रलाई राजा जनकले

अठासी हजार ऋषिहरू मध्ये ठुलो मर्यादा गरेका थिए ।

६ आलस्य निरूपण–

कतिपय प्रपन्न महात्माहरू आफ्नो शरीरलाई हाड, मासु, रगत तथा मल मुत्रादिबाट निर्मित अति अपवित्र-संझी दैहिक क्रिया छाडि मानसिक भगवद् विषयानुभव मात्र गर्ने पनि हुन्छन् । त्यस्तालाई अल्छि पो रहेछन् भनी हेय नगरी मर्यादा गर्नुपर्छ अन्यथा अपचार लाग्छ ।

७ वास निरूपण–

श्री रङ्ग, बेंकटाद्रि, काँची, आदिबाट पाल्नुभएका महात्माको जसरी आदर गरिन्छ सोही अनुरूप साधारण गाउँबाट पाल्नु भएका प्रपन्न श्री वैष्णवहरूलाई पनि आदरणीय मानी सेवा सत्कार गर्नु पर्दछ ।

८ बन्धु निरूपण–

देह सम्बन्धि छोरो भाइ, पत्नी, बाबु, दाजु आदिमा पनि माहात्मा स्वरूप संझी समान भाव लिनु पर्छ अन्यथा द्वेषको भागी भयिन्छ ।

९ प्रकाश निरूपण–

स्वगुरू, गच्यस्थगुरू वहाँहरूका अन्तरंगहरू तथा अन्य प्रपन्न श्री वैष्णवहरू सबैलाई माननीय ठान्नु पर्दछ ।

१० प्रकार निरुपण

तुलसी, माला तथा चन्दनादि, पूजार्चनादि कैंयर्य गर्ने भान्सा तैयार गर्ने, अरू कैंकर्य गर्ने, आदि सवै प्रपन्नहरूलाई समान भावले आदर गर्नु पर्दछ ।

११ वर्तन निरूपणः–

प्रपन्न श्रीवैष्णवले आफ्नो जीवन यापनको लागि कृषि, उच्च या नीच नोकरी, परिवहन, मजदुरी आदि प्रारब्धानुसार देहयात्रा, गर्छन् भने सबै आदरणीय नै हुन्छन् ।

१२ दोष निरूपण–

प्रपन्न श्रीवैष्णवले आफ्नो शरीर निर्वाहार्थ प्रारब्धवस निकृष्ट काम गरेपनि उनलाई हेय दृष्टि नदी प्रपन्नत्व भावले मात्र हेर्नु पर्दछ । तसर्थ भनिएको पनिछ–

साशता ★ भारती पुण्या द्रौपदी च पतिव्रता तद्धवाः पाण्डवा धन्याः प्रसन्ने पुरूषोत्तमे । यसैगरी मन, वचन, कर्मको स्वभाव जान्ने ब्यक्तिले अनुष्ठान गर्ने सबै एकै प्रकारका हुदैनन् भनि कसैलाई दोष नदिनु । अन्यथा उल्टो आफै महापापको भागी बनिन्छ ।

वार्ता मा. २५३.

प्रपन्न श्रीवैष्णवले, संसारी व्यवहार प्रारब्धानुसार

---

★ सर्वत्र

प्राप्त हुने हुंदा साह्रै आसक्त भै तल्लिन नहुनु। यो नश्वर भूत संसारमा लोभ गर्दा भागवत् अपचार अवश्य हुन्छ हुन्छ। यस सन्दर्भमा श्रीजनक नन्दिनी सदुपदेश लीला गर्नुहुन्छ।

वनवास हुँदा पञ्चवटीमा सुवर्णमय नक्कली मृगलाई देखी सो प्राप्तिको लागि सीताजीलाइ त हुँदा इच्छा पूर्ति गराउन श्रीराम चन्द्रले सीताको रक्षार्थ लक्ष्मणलाई छोडी मृग पक्रिन दौडिनु भयो। अन्त्यमा मृगले रामको स्वर निकाली हा! लक्ष्मण भन्दै प्राण त्याग्यो सो आवाज सुनी सीताजीले श्रीरामको शीघ्र सहायतार्थ आज्ञा गर्दा लक्ष्मणजीले अस्वीकार गरेवापत अनेक दुर्वाच्य, कटुवचन भन्नु भयो। जसको फल स्वरुप राम संश्लेशमा स्वाभरण भएको हारपनि विरोधी मान्नेले पाहाड, जंगल, समुद्रदेखि दूर भै राक्षसाधीन हुनु पर्‍यो।

यसरी स्वलीला दर्शाई भागवतापचार दोष भोग्न अनिवार्य देखाउनु हुन्छ। अतएव भागवतापचारको प्रायश्चित्त छैन। आफूले गरेको मात्र होइन अर्काले गरेको पनि भोग्नु पर्छ जस्तै– स्वगुरुले कुनै कारणवश भागावतापचार गरेमा एकान्त पारी पाउपरी गुरो ! यो भागवतापचार भो भनी न संझाएमा आफूपनि अपचारको भागी वनिन्छ। त्यस्तै परचक्री अर्थात् अभक्तले भागवतापचार

गरेमा सके यथा योग्य दण्डदिनु नसके आँखा, कान वन्द गरी तुरुन्तै भाग्नु । श्रीवैष्णवहरु बोच अकारण वैरभाव भएमा यथासक्य मिलाउन प्रयत्न गर्नु पछि सो नगरी मौन रहेमा अपचारको भागी बन्नु पर्छ । कुनै श्रीवैष्णवले एकान्तमा अकृत्य काम गरको जानी बाहिर प्रकाश गरेमा अपचारको भागी बन्नु पर्छ । गल्ती स्वीकार गरी क्षमा माग्दा क्षमादान नदिए अपचारको भागी बनिन्छ ।

उपर्युक्त उल्लिखित भागवत अपचार हटाउन प्रयास गर्दा पनि असफल भएमा भगवान्को शरणपरी क्षमा याचना गर्ने अन्यथा दोषको भागी बन्नु पर्नेछ ।

—०—

pdf.upayogibooks.com

# भागवत अपचार नियन्त्रण

श्रीवैष्णवहरूले सधैंभरी दुईटा अपचारबाट जोगिएर नित्य कैंयर्य गर्नुपर्दछ। ती अपचारहरु हुन् भगवत् अपचार र भागवत् अपचार। राम कृष्णादि अवतारलाई मनुष्यादि भावना संझीनु र अर्चामूर्तिलाई उपादान तथा सामान्य धातु आदि वस्तु संझिनु भगवत् अपचार हो। यस्ता भावनाबाट श्रीवैष्णव भक्तजनले सधैं मुक्तरहनु पर्दछ। भगवत् अपचारबाट कुनै योनीमा माफी पाउन सक्तछ तर भागवत् अपचार गर्नेलाई कहिल्यै पनि माफी मिल्ने छैन भन्नेकुरा विभिन्न ग्रन्थमा उल्लेख भएको पाइन्छ।

भगवत् अपचारी हिरण्य कस्यपु, रावण, शिशुपाल आदिको गति देखिन्छ तर भागवत् अपचारीको गति छ भन्ने कुनैपनि ग्रन्थादिमा उल्लेख भएको पाइदैन। कतिपय विद्वानहरुको भनाई छ, "राम कृष्णादिले भगवद् अवतार लिनु भागवत् अपचारीलाई दमन गर्न नै हो भन्ने उल्लेख भएको हुँदा भगवत् अपचारी भन्दा भागवतापचारीलाई कहिल्यैपनि माफी मिल्दो रहनेछ भन्ने प्रष्ट हुन आउँछ।

तसर्थ रामानुज स्वामीज्यूले भागवत् अपचारबाट बाँच्नको लागि– आहार नियम, न्याहार नियम, अन्न नियम, भोजन नियम, स्नान नियम, स्वरूप नियम, उपाय नियम, उपेय नियम, वास नियम, भोग नियम, आचार नियम र संसर्गनियम गरी १२ प्रकारका नियमहरुको अवस्य पनि ज्ञानानुष्ठान श्रीवैष्णवहरुमा हुनु पर्दछ भन्ने आज्ञा भएको छ।

१) श्रीवैष्णवका घरको अन्न मात्र सेवन गर्नु आहार वियममा रहनु हो। २) भगवत् मन्दिर, बगैचा आदिमा घुम्नुका साथै गुरू तथा भागवत्हरुसंग भ्रमण गर्नु र उत्तम स्थानबाट अन्य स्थानमा गै मल मुत्र त्याग्नु नै न्याहार नियममा हो। ३) धार्मिक भावदेखि बञ्चित व्यक्तिको सेवा लिएको धन, भगवत् मन्दिरमा अर्पणगरी पुनः फिर्ता लिएको धन, सन्मित्रको चित्त दुखाई लिएको धन बाहेक आफ्नो शारीरिक परिश्रम अथवा माधुकरी चिजबाट प्राप्त धनले जीवन निर्बाह गर्नु अन्न नियममा रहनु हो। ४) उपर्युक्त धनबाट भोजन तैयार गरी भगवत् तथा भागवत्मा समर्पणगरी बाँचेको माहाँ प्रसाद संझी भोक निवृत्तिको लागि आफूले सेवन गर्नु भोक नियम हो। ५) पाप निवृत्तिका लागि पुण्यको लागि सुन्दरता आदिको लागि नसंझी भगवद् आराधनको अधिकारको लागि मात्र हो भन्ने

भावना राखी स्नान गर्नु स्नान नियममा रहनु हो।
६) भगवत्, भागवत् र आचार्यहरुमा आफूलाई दास संझनु स्वरूपनियम हो । ७) पूर्वोक्त त्रिविधानुभावानुष्ठानि महात्माहरूको कृपा उपाय नियम हो । ८) उपर्युक्त त्रिविधानुष्ठानि माहात्माहरुको सेवामात्र उपेय नियम हो। ९) उपेयानुष्ठानि महात्माको घर, दलान, आँगन, छिमेक आदिमा मात्र बास गर्नु बास नियम हो । १०) उक्त महा भागवत्हरूको सद्ब्यहारको अनुकरणनै भोग नियम हो । ११) वैष्णवहरुको चित्त नदुखाई आफ्नो सुयस र धन प्राप्तिको लागि सद्व्यहार गर्नु आचार नियम हो। १२) सात्विक महाँपुरूषले मन्पराएको ठाउँमा देह संबन्ध व्यवहार गर्नु संसर्ग नियम हो ।

उपर्युक्त उल्लितखित नियममा रही नमः शब्दार्थ गुरूबाट सिकेर तद्श्रनुष्ठानमै रहन प्रयास गरे मात्र भागवतापचारले छुन सक्तैन ।

–वार्ता माला -२५४

—०—

# शववत् मनुष्य

मानव शरीर पाएर आजन्म भगवत् पद अर्चित तुलसी गन्ध र भागवताङ्घ्रिरेणुको एकपटक पनि स्पर्श नगरेकालाई शव अर्थात् मूर्दा समान मानिएको छ ।

"जीवञ्छवो भागवताङ्घ्रि रेणुम्
नजातु मर्त्योऽभिलभेत यस्तु
श्रीविष्णु पद्या मनुज स्तुलस्याः
श्वशञ्छवो यस्तु नवेद गन्धम्

श्री भा. स्क. २ अ. ४ श्लोक २३

भावार्थः-

ज्यूदो मूर्दा भक्तको पादरेणु
पाएन जो मानिसले कदापि
विष्णु पदार्चित् तुलसी न गन्ध
शवै सरी मानव हो तथापि ।।

उदर पोषण मात्र त पशुले पनि गर्दछ । मानिस ज्ञानवान भएकोले पशु भन्दा उच्च कोटीको हुनुपर्न हो तर शास्त्रले त्यस्तो प्राणिलाई शववत् मान्नु गंभीर

विषय हो । गुरु मुखो भै भगवत् शरणागति हुनेलाई पनि शव संज्ञा दिनुको साथै नग्न मानिएको छ । जुन व्यक्ति शरणागत भैकन पनि मूल, द्वय, चरम मंत्र र त्रयोदश वाक्यको वास्ता नगरी बिर्सन्छ भने त्यस्तो व्यक्ति शव-वत् एवं नग्न भन्न सकिन्छ । किनभने मूल मंत्र अन्य संपूर्ण मन्त्रको राजा मानिएको छ । यो मंत्रले नै अन्य सम्पूर्ण मन्त्रलाई शक्ति प्रदान गर्दछ र सर्बधर्म ज्ञानको योग भएको हुँदा वैष्णवत्वको मुटु भन्न करै लाग्छ। मूल मन्त्रको व्याख्या द्वय मन्त्र हो । जसले श्री वैष्णव स्वरूप ज्ञान आदि पोषण गरेर मोक्ष समेत दिने क्षमता भएकोले कलेजो हो भन्न सकिन्छ । मोक्ष प्राप्तिको संशय दूरगरी मुक्तिको लागि अभय प्रदान गर्ने हुँदा चरम श्लोकलाई फोक्सो भनेमा कुनै अत्युक्ति हुने छैन । यी तिनै मन्त्रहरू अति गोपनिय, मननीय र सदा स्मरणीय छन् । यसको साथै गुरु परम्परा तथा त्रयोदश वाक्यपनि अवश्य चाहिन्छन् । गुरु परम्परा विना "सर्वं साधनं उपा-यान्तरो भवति"- तर्या मा. गुरु परम्परा श्री वैष्णवत्व साधनको वस्त्रसरी भएको हुँदा यो विनाको वैष्णव नग्न वत् भन्न अत्युक्ति हुने छैन । नग्न व्यक्तिले कुनै वैदिक काम गर्नु कदापि मर्यादित हुने छैन ।

—०—

# शेष श्रीपति भजन

शेष श्रीपति शेष श्रीपति शेष श्रीपति संझी मन
घर हुन सबका शेष श्रीपति इतर सारा भव हो वन ।
शेष श्रीपति · · ·
वनमा छन पशु हिंशक जन्तु मानवता गाउँ घरमा छन् ।
शेष श्रीपति · · ·
आफूलाई मानव सम्झी श्रीपति पदमा लाउँ मन् ।
शेष श्रीपति · ·
पशु झैं हामी नभुलौं कैलै मात्रै भवमा लाई मन् ।
शेष श्रीपति · ·
तपसीहरू गै वनमा बस्छन तर तिनका कुटी आश्रम छन् ।
शेष श्रीपति · ·
खाली वनमा पशुहरू जम्मै खोजी खान घुमी रहन्छन् ।
शेष श्रीपति · ·
पशु झैं हामी नभुलौं कैलै मात्रै भवमा लाई मन् ।
शेष श्रीपति · ·

मृग तृष्णा ‍झैं भव हुन्छ विलीन शेष श्रीपति पक्का धन्।
शेष श्रीपति · ·
नभै श्री.ति शेष रहन्न शेष नभई श्रीपति छन्
अटल संगम इनमा हुन्छ यसमा साक्षी लक्ष्मण छन्।
शेष श्रीपति · ·
सीता विहीन शत✻ बीश विताये लखन विना नगई दिन्।
श्रीपति राम भव यो छाडि जाँदा भव भो अधीकमलीन्।
शेष श्रीपति · ·

✻ शय दशको १ हजार शय वीशको २ हजार

# गुरू रामानुज भजन

भज रामानुज भज रामानुज भज रामानुज सज्जन हो ।
शेष श्रीयतिवर स्वामी यस्तै गुरू अरू खोजनु को ।।
भजरामानुज
श्रीपतिलाई राखी काख यो भवलाई राख्ने माथ ।
भनली सान कुन पदि ध्यान हुन गो प्रेम शेष गुरूको ।।
भजरामानुज
श्रुतिको अर्थ शुद्ध गराई नास्तिक जन सब दूर भगाई ।
विशिष्ठा द्वैत सिद्धान्त सिद्ध गर्ने यति पति शेष हुनुभो ।।
भजरामानुज
श्रीपति पदमा प्रेम लगाइ भव मग्न जनमा भक्ति लगाई ।
लक्ष्मी पतिकन हर्ष बढाई निकृष्ट जन पनि मुक्ति दिनुभो।।
भजरामानुज
परोपकार गर्न प्रवीण प्रवचन गर्ने सधै नविन ।
परहीत प्रेमी गुरूवर नामी एस्ता गुरूकन शरणजौं हामी।।
भजरामानुज
मंत्रार्थ लिन गरि हतार जाँदा गुरूसंगती भो अठार ।

गुप्तराख्नु भनि शर्त गरेर दिनुभो गुरूले मन्त्र पढेर ।।
भजरामानुज
मन्त्रार्थलाई प्रवल बुझेर अरू पति मुक्ति होउन भनेर ।
झटपट छतमा आफू चढेर दिनुभो मन्त्र अर्थ पढेर ।।
भजरामानुज
पाई थाहा गुरूले डाकी भन्नु भो गुरूले अलिकति डाकि ।
शर्त छुटेमा भन गति कुन हो नरकै हो भनि बिन्ती दिनुभो।।
भजरामानुज
नरक जाने यौटा मै हुँ मंत्रबल मुक्ति हुन्छन कैयौं ।
यो हेतु आज्ञा छाडें मैले भन्ने गुरूकन भजिलिउँ पैले ।।
भजरामानुज
यस्तो बिन्ती गुरूले पाई हेर्नु भो गुरूले चिन्न लगाई ।
अहो ! तिमी शेष रहेछौ गुरू हुन योग्य तिमि नै भएछौ ।।
भजरामानुज
तिमी बिना मोक्ष हुने अधुरो सम्बन्ध तिम्रै रैछ मधुरो ।
दिनुभो गुरूले मन्नाथ नाम भये गुरु अरू व्यर्थ तमाम ।।
भजरामानुज
चौरासी भोगी भयो मनु चोला यस्ता गुरू अब नभुल्नु होला।
सद्गुरू पाई चुप लागि बस्दा पाउला थाहा अगतिमा खस्ता।
भजरामानुज

इति पुवार्ध

श्री शेषजीको दया अपार । भवमग्न जनको गर्न सुधार ।
श्रीरामानुज भै वेद सच्चाए । बरबर मुनी भै अर्थ वताए।।
भजरामानुज
अष्ठ दिग्गज भै गरे प्रचार । श्रीबान मुनी भै लिए बिचार।
उत्तरस्थजनहित द्राविड भाषा । गर्ने देव वाणी खासा ।।
भजरामानुज
श्रीरंगदेशिक भै गरे प्रकाश । जिज्ञाशु जनमा भयो बिकास।
रहस्य ज्ञानको खुल्यो मुहान । अवोध जनपनि भये माहान।।
भजरामानुज
बिबिध्न रूप लिइ शेषजी आए । बैष्णव धर्म माथि उठाए।
साक्षात रामानुज हुन शेष । भजिलिउँ मनु जुनी हुन्छ विशेष।।
भजरामानुज

इति

# सीता राम गुण कीर्तन

सीता राम सीता राम सीता राम भज सीता राम-१
साक्षात लक्ष्मी नारायण हुन हाम्रा प्यारा सीता राम-२
भूपति मात्रै हैनन् राम ब्रह्माण्डैका राजा राम
–सीता राम ३
राजा मात्रै हैनन् राम चराचरैका शाशक राम
–सीता राम ४
शाशक मात्रै हैनन् राम कर्ता धर्ता भर्ता राम
–सीता राम ५
भक्त पालन अयोध्या आई दशरथ छोरा बन्ने राम
–सीता राम ६
गाधी सुतसंग बक्सर जाई सुबाहु ताडुका मार्ने राम
–सीता राम ७
शीला रूपी गौतम नारी छोइ पाउ मोक्षक राम
–सीता राम ८
जाई जनकपुर धनुष टुटाई सीता विवाह गर्ने राम
–सीता राम ९

पितु आज्ञाले राजसिंह्यासन त्यागी वनमा जाने राम
-सीता राम १०
मर्यादाका पालक नै भै गुहमा छाति जोड्ने राम
-सीता राम ११
सर्वज्ञनै आफू भएर सीता वियोगी रूने राम
-सीता राम १२
मानवे भै मिल्न कठीन गिरूमा मुक्ति दिने राम
-सीता राम १३
वयर हेतु शवरी निजालाई गृद्ध मुक्ति दिने राम
-सीता राम १४
कपटी रुपा राक्षसी साथ साँचो वार्ता गर्ने राम
-सीता राम १५
त्रिभूती दुइकै शाशक नै भैकपिमा मीत लाउने राम
-सीता राम १६
पवन सुतकन हेतु बनाइ लंका भस्म गर्ने राम
-सीता राम १७
सीतागुणकीर्तन जगदीश्वरी जानकी माता लंका जाइ गर्ने काम
-सीता राम १८
सीताजीको दृष्टि हेतु सुगृवले पाए राम
-सीता राम १९
लंका जाई शाशन खाई सदुपदेश दिने काम्

—सीता राम २०

सीतो भव आशिष पाई ताप विहीन श्री हनुमान

—सीता राम २१

नष्ठो भव नभनि दिने विरोधीमा दया निधान्

—सीता राम २२

लागी शिक्षा विभीषण सुध्रे नाही रावण् कुलभो नाश

—सीता राम २३

सीताजीको शिक्षा लागे हाम्रो मुक्ति हुन्छ खास

—सीता राम २४

विभीषण शरणै आए कपीशलाई भन्छन राम

—सीता राम २५

अकिञ्चन पोस्ने मेरो वर्त शत्रु नै म छोडदिन मान

—सीता राम २६

नरोक ल्याउ कपीस जाई दिसकेहै अभयेदान्

—सीता राम २७

शरणागत पालन कर्ता दयालु छन हाम्रा राम

—सीता राम २८

वानर हेतु रचेर सेतु सागरलाई बाध्ने राम

—सीता राम २९

सागर पारी फौज उतारी रावण सेखी झार्ने राम

—सीता राम ३०

संकुल कुटुम्व रावण मारी त्रीलोक शान्ति गर्ने राम
-सीता राम ३१
आफ्ना भक्त विभीषणलाई लंका राज्य दीने राम
-सीता राम ३२
सुद्धाग्नी सोता भाई समेत पुष्पकैमा चढ्ने राम
-सीता राम ३३
कपिवर साथ अयोध्या आई भरत काख लिने राम
-सीता राम ३४
मास मुहूर्त सुद्ध मिलाई राज्याभिशेष लिने राम
-सीता राम ३५
मर्यादाको पालन गर्दै वैदिक लिला गर्ने राम
-सीता राम ३६
विभूतीका अधिपति ब्रह्म मानवी भाव राख्ने राम
-सीता राम ३७
राम चरित अनुरूप चल्नु भन्ने शिक्षा दिने राम
-सीता राम ३८
चौराशी भोगी मनु जुनि पाई ली मर्यादा भजिल्यू राम
-सीता राम ३९
शुभकीर्ति राखी आत्म सुधारे प्रसन्न हुन्छन हाम्रा राम
-सीता राम ४०

यही दोटा मानवी काम नाही जन्म व्यर्थ तमाम
–सीता राम ४१
सीता राम सीता राम सीता राम भज सीता राम
–सीता राम ४२
दृष्टि विहीन मारियो वाली सुगृवले पाए राज
–सीता राम ४३

–०–

pdf.upayogibooks.com

श्रीमते रामानुजाय नमः

# सौलभ्य गुणको कृष्ण कीर्तन

कृष्ण कन्हैया कृष्ण कन्हैया कृष्ण कन्हैया श्याम
परब्रह्म नारायण हुन् कृष्ण कन्हैया नाम
कृष्ण कन्हैया श्याम
सौलभ्यताको प्रकाश गर्ने कृष्ण कन्हैया श्याम
कृष्ण कन्हैया नाम
भक्तार्थ हेतु भवमा उत्रे उनै कृष्ण श्याम
कृष्ण कन्हैया नाम
मथुरामा वसुदेव-सुनु बनी गर्न लीला तान
कृष्ण कन्हैया श्याम
उदर भित्र ब्रह्माण्ड जस्को देवकीको गर्भ स्थान
कृष्ण कन्हैया श्याम
कारागार आधारात जन्म लिने कृष्ण श्याम
कृष्ण कन्हैया नाम
प्रकाश पारी द्वार उधारी प्रहरीमा निद्रा ध्यान
कृष्ण कन्हैया श्याम

गोकुल जाई देवी पठाई कँसासुरको झार्ने सान
कृष्ण कन्हैया श्याम
बाल घाति पुतना मारी मातृ गतिको दिने काम
कृष्ण कन्हैया श्याम
मट्टी खाई यशोदालाई त्रिलोक दर्शन दिने काम
कृष्ण कन्हैया श्याम
विभूती दुइका नायक कृष्ण ग्वाला सूनु बन्ने काम
कृष्ण कन्हैया श्याम
ब्रह्माण्डका साशक कृष्ण बालक देखि खाने मार
कृष्ण कन्हैया श्याम
अद्भूत बाललिला गर्दै कृष्ण शनै बढ्दै छन्
कृष्ण कन्हैया श्याम
घरघर जाई माखन खाई गोपी साथ हास्तै छन्
कृष्ण कन्हैया श्याम
कंश प्रेरित दैत्य निभाई सद्गतिको दिने काम
कृष्ण कन्हैया श्याम
सर्वेश्वर भै गोपीहरूकै सुद्ध खेलौना बन्दै छन्
कृष्ण कन्हैया श्याम
दधी मथीनी यसोदा साथ स्तन्यपान माग्ने काम
कृष्ण कन्हैया श्याम
पारी मौका दैका हण्डा फोरी माता थकाउने काम

कृष्ण कन्हैया श्याम
भागी सताई खुव छकाई आखीर लिने बन्धन काम
कृष्ण कन्हैया श्याम
बाँधिएको ओखल तानी खरिका रूख जाने काम
कृष्ण कन्हैया श्याम
ओखललाई हेतु बनाई दुवै रूख भाच्ने काम
कृष्ण कन्हैया श्याम
श्रापिएका नलकुवरको श्राप मुक्त गर्ने काम
कृष्ण कन्हैया श्याम
बालक साथ वनभोजनमा ब्रह्माजीले पाये ट्याम
कृष्ण कन्हैया श्याम
जिज्ञासु भै वत्सर वालक ली लुकाइ भागें धाम
कृष्ण कन्हैया श्याम
स्वधामैमा धोका खाई फर्की आए कृष्ण ठाम
कृष्ण कन्हैया श्याम
श्रीकृष्णैले खुव छकाई मन्ले दिए शान्ति धाम
कृष्ण कन्हैया श्याम
विषालु काली नाग बस्थ्यो, ली जमुनाजीको स्थान
कृष्ण कन्हैया श्याम
सो शिर माथी नटवर नाची दिए अर्कै जलको स्थान
कृष्ण कन्हैया श्याम

दावानलाग्नि पान गरेर गोप र वत्स रक्षण काम
कृष्ण कन्हैया श्याम
यज्ञ स्थानमा बाल पठाइ विप्र पत्नी भोजन मान
कृष्ण कन्हैया श्याम
गोवर्धनकै पूजा गराई इन्द्र याग तोडी मान
कृष्ण कन्हैया श्याम
अँगुली माथी गिरीधर राखी इन्द्र प्रकोप फार्ने काम
कृष्ण कन्हैया श्याम
प्रकोप टर्दा खुल्यो पर्दा आये इन्द्र श्रीपद धाम
कृष्ण कन्हैया श्याम
दुध नुहाई विन्ती सुनाई पाये आफ्नू शान्ति धाम
कृष्ण कन्हैया श्याम
रसोवैब्रह्म साक्षात कृष्ण रस रूपको लिने काम
कृष्ण कन्हैया श्याम
ब्रह्म रसको पुञ्ज बढेर गोलोक भो अमर धाम
कृष्ण कन्हैया श्याम
श्रीलक्ष्मी नै रसकी प्यासी लिइन् तुरून्तै राधा नाम
कृष्ण कन्हैया श्याम
राधा कृष्ण गोलोकैमा नित्य छ रास लिला काम
कृष्ण कन्हैया श्याम
गोलोक नक्कल ब्रजमंडल हो उस्तै हुन्छ लिला काम

कृष्ण कन्हैया श्याम
सुलभ कृष्ण प्रेम लिला गर्ने इन्मै लाउँ ध्यान
कृष्ण कन्हैया श्याम
ध्यान लगाए प्रेम जगाए अमोघ सुखी दिन्छ धाम
कृष्ण कन्हैया श्याम
जमुना जलमा अक्रुरलाई दिब्य लोक देखाउने काम
कृष्ण कन्हैया श्याम
मथुरा जाई पुर बासीलाई दिब्य दर्शन दिनेकाम
कृष्ण कन्हैया श्याम
धोविनी भाईमा मालीलाई दिब्य भक्ति दिने श्याम
कृष्ण कन्हैया नाम
चन्दन हेतु कुब्जालाई सुन्दर रूप दिने श्याम
कृष्ण कन्हैया नाम
धनुप तोडी कंश बल फोरी कंशैलाई स्वप्न ज्ञान
कृष्ण कन्हैया श्याम
हस्ति चाडुर मुष्टिक मारी कंश कुलनै नाश तमाम
कृष्ण कन्हैया श्याम
मथ्थमै जाई कंश निभाइ त्रिलोक शान्ति दिने काम
कृष्ण कन्हैया श्याम
माता पिताको बन्धन तोडी यदुकुल रक्षा गर्ने काम
कृष्ण कन्हैया श्याम

सान्दीपनी॥ गुरू बनाई चौसट्ठी विद्या लिने काम
कृष्ण कन्हैया श्याम
गुरूदक्षिणामा मृतक पुत्र ल्याइ गुरूमा दिने काम
कृष्ण कन्हैया श्याम
जोरी खोज्ने मगधेशैको लडी सेखी झार्ने काम
कृष्ण कन्हैया श्याम
वैकुण्ठ लोक द्वारोकामा मथुरा छाडी जाने काम
कृष्ण कन्हैया श्याम
सामन्ती राजा मथेर व्याह रूक्मणीको गर्ने काम
कृष्ण कन्हैया श्याम
प्राग्ज्योतिष✿ जाई भौम निभाई बंदी कन्या व्याह काम
कृष्ण कन्हैया श्याम
सोह्र हज्जार एक सय आठ रानी जम्मा गर्ने काम
कृष्ण कन्हैया श्याम
प्रति रानीमा दश पुत्र पारी यदुकूल वृद्धि गर्ने काम
कृष्ण कन्हैया श्याम
प्रति रानीका साथ रहेर नारद छक्क पार्ने काम
कृष्ण कन्हैया श्याम
कनिका खाई सुदामालाई ऐंश्वर्य पुरा दिने काम
कृष्ण कन्हैया श्याम

---

✿ भौमको राजधानी

रणका बीच अर्जुनलाई गीतोपदेश दिने ज्ञान
कृष्ण कन्हैया श्याम
पाण्डव साथ भोजन याचक ऋषि दुर्वासा नाम
कृष्ण कन्हैया श्याम
ऋषि वृन्दमा भोजन दिन परो समस्या थान
कृष्ण कन्हैया श्याम
द्रौपदी रानी आर्त भएर गर्छिन् पुकारा ज्ञान
कृष्ण कन्हैया श्याम
श्रीकृष्ण आई द्रौपदीलाई गर्छन् कुरा खाने काम
कृष्ण कन्हैया श्याम
पाकस्थाली त्यो पनि खालि शेष रैछ साग नाम
कृष्ण कन्हैया श्याम
त्यै मात्र खाई पेट फुकाई दुर्वासाले भाग्ने काम
कृष्ण कन्हैया श्याम
वृकासुरमा वर्दानदी भोला बाबा माग्ने ठाम
कृष्ण कन्हैया श्याम
बात मिलाई दुष्ट भुलाई स्वयम् भस्म पार्ने काम
कृष्ण कन्हैया श्याम
अर्जुनजीको तोडी सेखी विप्रवाल ल्याउने काम
कृष्ण कन्हैया श्याम
भारत युद्धै पनि गराई सबै भूपति मार्ने काम

कृष्ण कन्हैया श्याम
भूपति मारी भार उतारी शुलभ गुणको प्रकाश काम
कृष्ण कन्हैया श्याम
उम्ली रहेको यदुकुललाई विप्रश्राप गार्ने काम
कृष्ण कन्हैया श्याम
स्वधाम जान थाह पाउने उद्धवलाई दिए ज्ञान
कृष्ण कन्हैया श्याम
श्राप हेतु यदुकुललाई स्वयं लडाई मास्ने काम
कृष्ण कन्हैया श्याम
जरा व्याधा हेतु बनाइ स्वधाम जान अन्तर्धान
कृष्ण कन्हैया श्याम
श्रीकृष्ण लीला कीर्तन ध्यान गर्ने यही मानवीय काम
कृष्ण कन्हैया श्याम

—०—

आँधियारामा दह्रि लुकाको मणिका माला उसले लाको
हुँदा उज्यालो कन्हैया कालो दै खाई हण्डी फोरी फाल्यो
–श्याम सुन्दर
आफु खाई अरूकन खवायो निधाएको बलाक चिमटेर चाखो
पक्रन खोज्दा छन आइ लाग्यो सारी खोसी वनतिर भाग्यो
–श्याम सुन्दर
श्याम सुन्दर श्याम सुन्दर श्याम सुन्दर कृष्ण कन्हैया

इति

श्रीमते रामानुजाय नमः

**यो ग्रन्थ प्रकाशनार्थ सहयो दिने महानुभावहरूः–**

बिराटनगर बांसवारी निवासी पद्मधर आचार्य ज्यूले यस पुस्तकको त्रयोदश वाक्य गुरू परम्परा रहस्य मात्र देख्न पाउँदा उत्सुक भै सहयोगको चर्चा गर्नु हुँदा तैयारी भैसकेको "बुद्धि बिनोद प्रश्नोत्तर" देख्नु भो र उक्तपुस्तक छापिदिने र सो पुस्तकको विक्रीबाट प्राप्त द्रब्यले श्रीवैष्णवोज्जीवन सुधा ग्रन्थ प्रकाशन गर्ने भनि दिनु भएको रू. २५००।- दुइ हजार पाँच सय ।

बुद्धिबिनोद प्रश्नोत्तर विक्रि नभै सकेकोले यो पुस्तक छाप्न नपुग भएको हुँदा सहयोग गर्ने महानुभावहरूः–

| | | |
|---|---|---|
| १. पोष्टराज (परांकुश भण्डारी) सिन्धुली कमला खूंज | | ५००।– |
| २. वासुदेव भण्डार कमला खूंज | रू. | २००।– |
| ३. तोताद्री रा. दा. (काफ्ले) कमला खूंज | रू. | १२५।– |
| ४. कोमल प्र. काफ्ले तोश्रंखोला | रू. | १२५।– |
| ५, भागवत रा. दा. फूयाँल कमला खूंज | रू. | ११२।– |
| ६ यतिराज रा. काफ्ले कमला खूंज | रू. | १०१।– |

७. भागवत रा. पोखरेल कमला खूँज रू. १०१।-
८. टङ्कनाथ दहाल जलुकेनी रू. ५१।-
९. कृष्णप्रपन्न पोखरेल कमला खूँज रू. ५१।-
१०. ठाकुर प्र. पोखरेल कमला खूँज रू. २५।-
११. हरिप्रपन्न काफ्ले कमला फूँयाल रू. २१।-
१२. राघव प्रपन्न कमला खूँज रू. १५।-
१३. दामोदर रा. भण्डारी नरापु कमला खूँज रू. ३१।-
१४. परांकुश रा. काफ्ले तिनपाल रू. २१।-
१५. हरिप्रपन्न अधिकारी तिनपाल रू. २१।-
१६, चर्तुभूज रा. हतपते तिनपाल रू. १५।-
१७ रूकमिणी अधिकारी कमला खूँज रू. १५।-
१८. पद्म रा· दासी कमला खूँज रू. १०।-
१९. इन्दिरा रा दासी ढुङ्गेल जनकपुरधाम रू. १०१।-
२०. अनन्त रा. भण्डारी ढाडखोला (धनुषा) रू. १०१।-
२१. चर्तुभुज भण्डारी ढाडखोला (धनुषा) रू. ५१।-
२२ सत्यभामा पोखरेल ढाडखोला (धनुषा) रू. ५१।-
२३. चर्तुभूज रा काफ्ले पाटु (धनुषा) रू. ५१।-
२४. दामोदर रा. दा. काफ्ले सर्लाही हरिपुर रू. १०१।-
२५. लक्ष्मीप्रपन्न लामिछाने सर्लाही जानकीनगर रू. ५२।-
२६. मतिराज रा. पोखरेल " रू. ५१।-
२७. माधव रा. दुलाल " रू. ५१।-
२८. नारायण रा० चालिसे नवलपुर रू. ४१।-
२९. कमलनयन चालिसे " रू. ३१।-

३०. मुकुन्दप्रपन्न साफ्कोटा मुवावारी आसाम रू. २१।-
३१. गरूड्ध्वज रा० दा० दुलाल जानकीनगर रू. २१।-
३२. तोताद्रि तिमल्सीना रू. २१।-
३३. नारायण काफ्ले रू. १५।-
३४. लक्ष्मी रा० दासी (दाहाल) रू. ११।-
३५. माधवी रा० श्रेष्ठ जुटपानी रू. ११।-
३६. छविलाल आचार्य जानकीनगर रू. ५।-
३७. लेखनाथ रीजाल गैंडाकोट रू. २५।-
३८. फलको आशा नराखी सप्रेम दानदाता निरंजन कोइराला चन्द्र निगाहापुर काठमाडौं निवासी रू. २५०।-
३९. देवी कँुवर काठमाडौं सिफल रू. १५।-

| शुद्ध | पृष्ठ | पंक्ति | अशुद्ध |
|---|---|---|---|
| गन | ३ | १४ | तग |
| पाएको | ३ | १५ | पाएकोको |
| पुण्डरी | ५ | ९ | पुण्डर |
| शठकोप | ७ | १५ | शठको |
| नाथं | १५ | ३ | नापं |
| पंके | ,, | ,, | थंके |
| प्यन्वहं | ,, | ६ | प्यहं |
| भिमत | ,, | ५ | मिमत |
| नगेशं | ,, | ६ | नशों |
| वरवर | ,, | ,, | वरदर |
| लङ्कार | ,, | ८ | लङ्कान |
| चिन्हा | ,, | १३ | बिन्हा |
| विष्णुवृद्ध | १६ | १५ | विष्णुवर्धे |
| मेधाविः | ,, | ५ | मेद्यावी |
| आचार्यं | १७ | १ | आर्यायं |
| मुनि | १८ | ,, | मुमि |
| पञ्चाडि | ,, | ५ | पडाडी |
| पत्नी | ,, | १६ | पत्ना |
| गद्यस्थं | २१ | ११ | गदस्थ |
| सूरीन् | २४ | ३ | मुरीन् |
| पद्मा | २५ | १६ | पद्या |
| खोजी | २७ | ६ | खाजी |
| सेव्य | २८ | १० | सेन्य |

| | | | |
|---|---|---|---|
| जन | ,, | २१ | श्रन |
| के छ | ,, | १६ | छ |
| शरण भैं | २६ | २ | शरणा भैं |
| अकालें | ,, | १५ | अर्कालि |
| ज्ञान | ३० | ३ | छान |
| तेसलाई | ३१ | ११ | तेवलाई |
| भाव | ३३ | १८ | भावभावा |
| ब्रह्ममहीपो | ३६ | १ | ब्रह्महीषो |
| वृद्धी | ,, | ६ | बुद्धो |
| लक्ष्मी | ,, | ,, | सक्ष्मी |
| श्रामते | ,, | १३ | श्रीमल |
| उठ्यो | ,, | १६ | उठथ्यो |
| कन | ,, | | कगन |
| अर्थ | ३८ | १७ | अर्त |
| एघार | ,, | १६ | घएार |
| चाहिन्न | ३९ | ६ | चाउन्न |
| गन्दछ | ,, | ९ | गन्छन् |
| जीको | ४१ | २१ | जोको |
| ओं | ४३ | १ | ओ |
| दग्ध | ५२ | ४ | दग्ग |
| लालाईत | ५८ | ६ | लाईत |
| भागनींय | ६१ | ,, | भोकनीय |
| वार्तामाला | ६४ | ,, | तर्यामा |

यो वैष्णवोज्जीवन सुधा नामक ग्रन्थ श्रीरामानुज सम्प्रदायी जिज्ञासु माहानुभावहरूले मात्र पढ्न योग्य छ अन्यथा अनधिकारी हेतु पाठक स्वयं दोषी हुनेछ :

यो ग्रन्थ मैले लेखेको हुँ तापनि काठमाडौं बत्तीसपुतली श्रीवेङ्कटेश मन्दिराध्यक्ष श्रीराघवेन्द्राचार्य ज्यूले आफ्नू अमूल्य समय [illegible] गरो शुद्धाशुद्धि सम्सोधन गरी दिनु भएकोले आभारी भै शहर्ष धन्यवाद टक्राउँछु ।

साथै वत्तीसपुतली काठमाडौं बस्ने "सन्मार्ग पत्रिकाका सम्पादक" श्रीरामप्रसाद नेपाल ज्यूले छपाउनका लागि केहि सरकारको सिफारिसको साथै प्रेस सम्बन्धि सहयोग गर्न भएकोले त्यस्तै आभार व्यक्त गर्दछु ।

लेखक:

मुकुन्दाचार्य जानकीनगर, सर्लाही

पुस्तक प्राप्त स्थानहरू:–

श्रीवेंकटेश मन्दिर वत्तिसपुतली काठमाड

श्रीवेणुगोपाल मन्दिर घट्टेकुलो काठमाड

श्री मुकुन्दाचार्य जि. सर्लाही जानकीनगर